# सवारी तथा यातायातको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१

प्रस्तावना: सडक यातायात सेवालाई सहज, सुरक्षित, भरपर्दो र पहुँचयोग्य बनाई सर्वसाधारण जनतालाई सरल, सुलभ र गुणस्तरीय यातायात सुविधा उपलब्ध गराउन यातायात सेवालाई सुदृढ,सक्षम तथा प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

परिच्छेद—१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सवारी तथा यातायात व्यवस्था ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको एकानब्बेऔं दिनदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "असल उद्धारकर्ता (गुड सामरिटन)" भन्नाले कुनै पुरस्कार वा लाभको अपेक्षा नराखी असल मनसायका साथ स्वेच्छाले दुर्घटना भएको घटनास्थलमा आपतकालीन चिकित्सा वा गैर चिकित्साकीय हेरचाह वा सहायता प्रदान गर्ने वा पीडितलाई अस्पताल पुर्याउने व्यक्ति सम्झनु पर्छ ।

(ख) "उत्पादनको तादम्यता (कन्फर्मिटी अफ प्रोडक्सन) " भन्नाले उत्पादन वा एसेम्बल भएको कुनै सवारी साधन वा त्यसको कुनै प्रणाली वा भाग त्यसको अनुमोदित प्रकार बमोजिम छ भनी सक्षम अधिकारी वा आधिकारिक निकायले सुरक्षित गर्ने प्रक्रिया सम्झनु पर्छ र सो शब्दले उत्पादित कम्पनीको अनुमोदित प्रकार अनुरुप सवारी साधन, त्यसको प्रणाली वा भाग लगातार उत्पादन गर्न सक्ने क्षमताको परिक्षण समेतलाई जनाउनेछ।

(ग) "एग्रिगेटर" भन्नाले यातायात सेवा सञ्चालनको क्रममा सेवाग्राहीलाई सेवा प्रदायकसँग विद्युतीय वा अन्य माध्यमबाट आवद्ध गर्ने मध्यस्थकर्ता (डिजिटल इन्टरमिडिएरी) सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले विभाग अन्तर्गतको सवारी परीक्षण कार्यालय सम्झनु पर्छ।

(ङ) "कार्यालय प्रमुख" भन्नाले कार्यालयको प्रमुख भई काम गर्ने व्यक्ति सम्झनु पर्छ।

(च) "कूटनीतिक सुविधा प्राप्त सवारी" भन्नाले कूटनीतिक नियोग वा कूटनीतिक सुविधा प्राप्त कार्यालय, योजना, निकाय वा व्यक्तिको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई कूटनीतिक सुविधा प्राप्त सवारी सम्झनु पर्छ।

(छ) "चालक अनुमतिपत्र" भन्नाले दफा १५ बमोजिम जारी भएको सवारी चालक अनुमतिपत्र सम्झनु पर्छ ।

(ज) "चालक" भन्नाले सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(झ) “छोटो बाटो (रुट)” भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एक सय किलोमिटर दूरीसम्मको बाटो (रुट) सम्झनु पर्छ ।

(ञ) “ट्राफिक सङ्केत” भन्नाले प्रहरी वा एक सवारी चालकले अर्को सवारीको चालकलाई दिएको सूचना, सङ्केत वा ईशारा सम्झनु पर्छ र सो शब्दले सवारीको नियन्त्रण वा निर्देशनका लागि लिखित वा साङ्केतिक रूपमा टाँसेको, राखेको वा जडान गरिएको सूचना सङ्केत वा ईशारा समेतलाई जनाउनेछ ।

(ट) “डाटा सेन्टर” भन्नाले यातायात व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण तथ्याङ्क तथा प्रणाली सुरक्षित रुपमा सञ्चालन तथा भण्डारणको लागि बनाइएको विद्युतीय अभिलेख केन्द्र सम्झनु पर्छ ।

(ठ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ड) “नम्बर प्लेट” भन्नाले सवारी साधनको पहिचानको लागि त्यस्तो साधनको अगाडि तथा पछाडिको भागमा राखिने दफा ४ बमोजिमको साधारण तथा इम्बोस्ड नम्बर प्लेट सम्झनु पर्छ ।

(ढ) “निजी सवारी” भन्नाले निजी प्रयोगको लागि दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई निजी सवारी सम्झनु पर्छ ।

(ण) “प्रकार अनुमोदन” (Type Approval) भन्नाले कुनै सवारी साधन वा त्यसको कुनै प्रणाली वा भागले कुनै राष्ट्रमा प्रचलित सुरक्षा, उत्सर्जन तथा उत्पादन सँग सम्बन्धित कानूनी तथा प्रशासनिक व्यवस्थाहरुको पालन गरेको सम्बन्धमा त्यस राष्ट्रको सक्षम निकायले गर्ने प्रमाणीकरण सम्झनु पर्छ ।

(त) “पर्यटक सवारी” भन्नाले आन्तरिक तथा बाह्य पर्यटकलाई यातायात सेवा प्रदान गर्न दर्ताको प्रमाणपत्र प्राप्त सार्वजनिक सवारीलाई पर्यटक सवारी सम्झनु पर्छ ।

(थ) “परिचालक” भन्नाले सार्वजनिक सवारीमा चालक र यात्रुलाई सहयोग गर्न खटिएको व्यक्ति सम्झनु पर्छ ।

(द) “बाटो (रुट)” भन्नाले सार्वजनिक सवारी चलाउन दफा २१ बमोजिम निर्धारित छोटो, मध्यम वा लामो बाटो सम्झनु पर्छ ।

(ध) “बाटो (रुट) अनुमतिपत्र” भन्नाले दफा २२ बमोजिम जारी भएको बाटो अनुमतिपत्र सम्झनु पर्छ ।

(न) “बीमा” भन्नाले सवारी, यात्री, यात्रीको मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा परिच्छेद-७ बमोजिम सवारी धनीले गर्ने बीमा सम्झनु पर्छ र सो शब्दले बृहत् (कम्प्रिहेन्सिभ) बीमा समेतलाई जनाउनेछ ।

(प) “मध्यम (रुट) बाटो” भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एकसय किलोमिटर देखि दुईसय पचास किलोमिटरसम्म दुरीको बाटो सम्झनु पर्छ।

(फ) "मन्द गतिका सवारी साधन" भन्नाले प्रति घण्टा पच्चीस किलोमिटर भन्दा कम गति क्षमता भएका सवारी साधन सम्झनु पर्छ ।

(ब) "मन्त्रालय" भन्नाले नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्झनु पर्छ ।

(भ) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ ।

(म) "मालबाहक सवारी" भन्नाले मालसामान ओसारपसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी साधन सम्झनु पर्छ ।

(य) "मालसामान" भन्नाले मालवाहक सार्वजनिक सवारीमा ओसारपसार गरिने कुनै वस्तु , सामाग्री , पशुपन्छी वा अन्य मालवस्तु सम्झनु पर्छ ।

(र) "यातायात निरीक्षक" भन्नाले दफा ६० बमोजिम नियुक्त यातायात निरीक्षक सम्झनु पर्छ ।

(ल) "यातायात सेवा" भन्नाले सार्वजनिक सवारी साधनले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसारपसार गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले सवारी एग्रिगेटरले प्रदान गर्ने सेवा समेतलाई जनाउनेछ ।

(व) "यात्रीको मालसामान" भन्नाले यात्रीले यात्रा गर्दा व्यक्तिगत प्रयोजनका लागि आफ्नो साथमा राख्ने सम्पूर्ण मालसामान सम्झनु पर्छ ।

(श) "यात्रुवाहक सवारी" भन्नाले यात्रीलाई यातायात सेवा प्रदान गर्न सञ्चालन गरिने सार्वजनिक सवारीको साधन सम्झनु पर्छ।

(ष) "राष्ट्रिय लोकमार्ग" भन्नाले प्रचलित सार्वजनिक सडकसंग सम्बन्धित कानुनमा तोकिएका मापदण्ड पूरा भएका सडक सम्झनु पर्छ ।

(स) "लामो (रुट) बाटो" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुईसय पचास किलोमिटरभन्दा बढी दूरीको बाटो सम्झनु पर्छ ।

(ह) "विभाग" भन्नाले नेपाल सरकार मातहतको यातायात व्यवस्था विभाग सम्झनु पर्छ ।

(क्ष) "व्यवसायिक सवारी चालक अनुमति–पत्र" भन्नाले सार्वजनिक सवारीका साधन चलाउनको लागि प्राप्त गरेको अनुमति–पत्र सम्झनु पर्छ र सो शब्दले कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले आफ्नो व्यवसाय सञ्चालन गर्ने उद्देश्यले प्रयोगमा ल्याएको सवारी चलाउनको लागि चाहिने अनुमति पत्र समेतलाई जनाउनेछ ।

(त्र) "सडक यातायात सम्बन्धी निकाय" भन्नाले सडक यातायात सञ्जालको संचालन, व्यवस्थापन, सम्वर्द्धन, प्रवर्द्धन र सुरक्षा गर्ने प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका सम्वद्ध निकाय सम्झनु पर्छ ।

(ञ) “सरकारी सवारी” भन्नाले कुनै सरकारी कार्यालयको नाममा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको सवारीलाई सम्झनु पर्छ ।

(कक) “सवारी दर्ताको प्रमाणपत्र” भन्नाले दफा ९ बमोजिम दिएको साधारण वा विद्युतीय सवारी दर्ता प्रमाणपत्र सम्झनु पर्छ ।

(कख) “सवारी धनी” भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा सवारीको धनीको रुपमा उल्लिखित व्यक्ति, फर्म, कम्पनी वा अन्य सङ्गठित सस्था सम्झनु पर्छ ।

(कग) “सवारी” भन्नाले तीनसय पचास वाट (पिक पावर)भन्दा कम क्षमता भएको दुई पांग्रे विद्युतीय सवारी साधन बाहेक यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ ।

(कघ) “सवारीको वजन” भन्नाले कुनै सवारी साधनको लागि प्राविधिक रुपमा कायम हुनसक्ने भनी उत्पादक कम्पनीले तोकेको सवारी साधनको अधिकतम वजन वा सवारी साधनको कुल वजन सम्झनु पर्छ र सो शब्दले उक्त सवारी साधनले बोकेको सामान तथा यात्रु समेतको तौललाई जनाउनेछ।

(कङ) “सार्वजनिक सवारी” भन्नाले निर्धारित भाडा लिई यात्रु तथा मालसामान ओसार पसार गर्ने सवारी साधन सम्झनु पर्छ ।

(कच) “सार्वजनिक स्थान” भन्नाले सार्वजनिक सडक, पेटी, गल्ली, पुल वा सर्वसाधारण जनता आवत जावत गर्ने र बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्री चढ्ने, उत्रिने वा सवारी साधन अड्याउनको लागि निर्धारण गरिएको स्थानलाई समेत जनाउनेछ ।

(कछ) “सुरक्षाकर्मी” भन्नाले यात्री, मालसामान र सवारी साधनको सुरक्षाको लागि खटिएको व्यक्ति सम्झनु पर्छ ।

(कज) “सेवा प्रदायक” भन्नाले यातायात सेवा संचालन गर्न प्रचलित कानुन बमोजिम अनुमति प्राप्त व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ र सो शब्दले एग्रिगेटर समेतलाई जनाउनेछ।

(कझ) “स्थानीय रुट” भन्नाले एकै स्थानीय तहभित्रको प्रस्थान गर्ने स्थानबाट गन्तव्य स्थानसम्म पुग्ने रुट सम्झनु पर्छ ।

(कञ) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(कट) “स्मार्ट कार्ड” भन्नाले विद्युतीय रुपमा तथ्याङ्क भण्डारण तथा प्रशोधन गर्न सकिने वा विद्युतीय माध्यमबाट विद्युतीय तथ्याङ्क भण्डारसँग संजालीकृत गराउन सकिने कार्ड सम्झनु पर्छ ।

(कठ) “विशेष प्रयोजनको सवारी साधन” (Special Purpose Vehicles) भन्नाले सामान्य यातायात भन्दा बाहिरका आपतकालीन सेवा, निर्माण कार्य वा अन्य विशेष कार्यहरू गर्न डिजाइन र निर्माण गरिएका विशेष सुविधाहरू रहेका सवारी साधन सम्झनु पर्छ ।

## परिच्छेद—२
## सवारीको वर्गीकरण

३. सवारीको वर्गीकरण: (१) विभागले सवारीको वर्गीकरण देहायका आधारमा गर्न सक्नेछ :÷

(क) आकार, बनौट, सीट संख्या तथा वजनको आधारमा,

(ख) सवारी प्रयोजनको आधारमा,

(ग) सवारीको स्तरको आधारमा,

(घ) सवारी दर्ता तथा नम्बर प्लेटको आधारमा,

(ङ) सवारीमा प्रयोग हुने इन्धन प्रणालीको आधारमा,

(च) तोकिए बमोजिमको अन्य आधारमा ।

(२) उपदफा (१) बमोजिमको आधारमा गरिएको सवारीको वर्गीकरण अनुसूची–१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको सवारीको वर्गीकरण प्रदेश, स्थानीय तह र सम्बन्धित सबैले पालना गर्नु पर्नेछ।

४. सवारीको नम्बर प्लेट राख्नु पर्ने: दफा ३ बमोजिम वर्गीकृत सवारीले त्यस्तो सवारीको अगाडि तथा पछाडिको भागमा अनुसूची– २ बमोजिमको नम्बर प्लेट राख्नु पर्नेछ ।

५. सवारीको पहिचान: (१) नेपालमा उत्पादन, जडान, निकासी र पैठारी हुने सवारीको पहिचान भएको हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पहिचानको लागि देहायका विवरणहरू उल्लेख भएको हुनु पर्नेछः-

(क) सवारीको उत्पादन वर्ष,

(ख) सवारीको मोडल,

(ग) सवारीको च्यासिस नम्बर,

(घ) सवारीको इन्जिन नम्बर,

(ङ) विद्युतीय सवारीको हकमा मोटर नम्बर ।

(३) सवारीको पहिचान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—३
## अनुमति तथा दर्ता सम्बन्धी व्यबस्था

६. अनुमति लिनुपर्ने: (१) कुनै सवारी साधन नेपालमा उत्पादन, जडान (एसेम्बल), निकासी वा पैठारी गर्नु अघि विभागको अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमति लिन चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तोकिए बमोजिमका कागजात संलग्न गरी विभागमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन र कागजात उपर आवश्यक जाँचबुझ गर्दा प्रचलित कानून र यस ऐन बमोजिम उपयुक्त देखिएमा विभागले नेपालमा उत्पादन, जडान (एसेम्बल) वा पैठारी गर्न र नेपालबाट निकासी गर्नका लागि अनुमति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र दिन नसकिने भएमा सो को कारण सहितको जानकारी निवेदकलाई दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम दिइने अनुमतिपत्रको निवेदनको ढाँचा, निवेदन दस्तुर, शुल्क र अनुमति दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. प्रवेश दर्ता गराउनु पर्ने: (१) पैठारी गरी नेपाल भित्र प्रवेश भएका सवारी साधन पैठारीकर्ता व्यक्ति, फर्म, कम्पनी वा संस्थाले सम्वन्धित भन्सार कार्यालय मार्फत विभागले संचालन गरेको विद्युतीय प्रणालीमा प्रवेश दर्ता गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रवेश दर्ता गर्ने निकायले प्रवेश दर्ता नम्बर सहित सवारीको विवरण दफा ९ बमोजिम सवारी दर्ता गर्ने निकायमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रवेश दर्ताको निस्सा प्राप्त गरेका सवारी पैठारी गरिएको नाकाबाट पैठारीकर्ता व्यक्ति, फर्म, कम्पनी वा संस्थाको कारखाना, बिक्री केन्द्र वा दफा ९ बमोजिम दर्ता गरिने निकाय वा दफा ३० बमोजिम सवारी परीक्षण गर्ने निकायमा लैजाने बाहेक अन्यत्र स्थानमा प्रयोग गर्न‍ु गराउनु हुँदैन।

८. प्रकार अनुमोदन (टाईप अप्रुभल) तथा उत्पादनको तादत्म्यता प्रमाणपत्र (कन्फर्मिटी अफ प्रोडक्सन) लिनुपर्ने : (१) नयाँ उत्पादन, जडान (एसेम्बल) तथा पैठारी गरिएको सवारीको मोडेल दर्ता गर्नु अघि त्यस्तो सवारी साधन दफा ९४ र ९५ बमोजिम तोकेको मापदण्ड भित्र रहेको प्रमाणित गर्ने प्रकार अनुमोदन (टाईप अप्रुभल) र उत्पादनको तादत्म्यता प्रमाणपत्र (कन्फर्मिटी अफ प्रोडक्सन) लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रमाणपत्र लिनको लागि तोकिए बमोजिमको कागजात र दस्तुर संलग्न गरी विभागमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन र कागजात उपर आवश्यक जाँचबुझ गर्दा नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही सवारीको उत्पादन वा जडान गरेको देखिएमा विभागले प्रकार अनुमोदन (टाईप अप्रुभल) तथा उत्पादनको तादत्म्यता प्रमाणपत्र (कन्फर्मिटी अफ प्रोडक्सन) जारी गर्न सक्नेछ।

(४) उपदफा ३ बमोजिम प्रकार अनुमोदन (टाईप अप्रुभल) तथा उत्पादनको तादत्म्यता प्रमाणपत्र (कन्फर्मिटी अफ प्रोडक्सन) लिई उत्पादन, जडान(एसेम्वल) वा पैठारी भई आएका सवारी निकासी वा दर्ता हुनु अघि बिभागवाट सडकमा चल्न सक्ने सक्षमता (रोड बर्दीनेश सर्टीफिकेट) समेत लिनुपर्नेछ।

(५) प्रकार अनुमोदन (टाईप अप्रुभल) तथा उत्पादनको तादत्म्यता प्रमाणपत्र (कन्फर्मिटी अफ प्रोडक्सन) तथा सडक सक्षमताको प्रमाणपत्र लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. <u>सवारी दर्ता</u>: (१) नेपालमा उत्पादन, जडान (एसेम्बल) वा पैठारी भएका सवारी साधन सञ्चालन गर्नु अघि प्रदेश कानुन वमोजिम दर्ता गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सवारी साधन दर्ता गराउन चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यस्तो सवारीको उत्पादन, जडान (एसेम्बल) वा पैठारी गरी ल्याएको मितिले तीस दिनभित्र दर्ता गराउनु पर्नेछ ।

तर दफा ८ बमोजिम सक्षमताको प्रमाणपत्र लिनु पर्ने सवारीको हकमा त्यस्तो प्रमाणपत्र प्राप्त गरेको मितिले तीस दिनभित्र दर्ता गराउनु पर्नेछ।

(३) दातृ निकाय तथा विदेशी लगानीमा सञ्चालित योजना सम्पन्न भई त्यस्तो योजना नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई हस्तान्तरण हुँदा प्राप्त हुन आएको अस्थायी दर्ता भएको वा भन्सार छुट भएको पूराना सवारी साधन प्राप्त भएको मितिले तीस दिनभित्र दर्ता गराउनु पर्नेछ।

(४) उपदफा (३) वमोजिम दर्ता हुने सवारी दर्ताको लागि विभागले सम्बन्धित प्रदेशको विषयगत मन्त्रालयमा सिफारिश गर्नुपर्नेछ।

(५) नेपाल सरकार, परराष्ट्र मन्त्रालयवाट सिफारिस भई आएको कूटनीतिक सुविधा प्राप्त सवारी दर्ता तथा नवीकरण गर्दा दस्तुर लाग्ने छैन।

(६) नेपाल भित्र कुनै व्यवसाय तथा काम कारोवार गरी बसेको विदेशी नागरिकले आफ्नो निजी प्रयोगको लागि कुनै सवारी दर्ता गराउन चाहेमा दर्ता गर्ने निकायले तोकेका कागजातका अतिरिक्त सम्वन्धित कुटनीतिक नियोगको सिफारिस पत्र समेत पेश गर्नु पर्नेछ।

(७) सामाजिक, धार्मिक, परोपकारी तथा शैक्षिक उद्धेश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरू एवम् प्रचलित कानुन बमोजिम स्थापित संस्थाहरूको नाममा बाहेक चौध भन्दा बढी सीट संख्या तथा चार टन वा सो भन्दा बढी कुल वजन भएका सवारीहरूलाई निजी सवारीको रूपमा दर्ता गर्न पाइने छैन।

(८) कुनै एक प्रदेशमा दर्ता भएको सवारी साधन अन्य प्रदेशमा चलाउन सकिनेछ।

(९) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि सरकारी सवारी, सार्वजनिक संस्थानको सवारी, कूटनीतिक सुविधा प्राप्त सवारी र बाटोको इजाजतपत्र प्राप्त सवारी बाहेक एक प्रदेशमा दर्ता भएको सवारी लगातार वा पटक पटक गरी एक वर्ष भन्दा बढी कुनै अर्को प्रदेशमा चलाउन पाइने छैन।

(१०) उपदफा (९) बमोजिम तोकिएको भन्दा बढी अवधिको लागि एक प्रदेशमा दर्ता भएको सवारी अर्को प्रदेशमा चलाउन परेमा सवारीको सरुवा दर्ता गर्न सक्नेछ।

(११) स्थानीय तहले मन्द गतिका सवारी साधनलाई स्थानीय कानून बमोजिम दर्ता र नियमन गर्न सक्नेछ।

(१२) तीनसय पचास वाट (पिक पावर) भन्दा कम क्षमता भएको दुई पाङग्रे विद्युतीय सवारी साधनको दर्ता तथा व्यवस्थापन सम्बन्धी व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ।

(१३) प्रदेशले एक प्रयोजनको लागि दर्ता भएको सवारीलाई तोकिएको प्रक्रिया पुरा गरी अन्य प्रयोजनको लागि दर्ता गर्न सक्नेछ ।

(१४) तोकिए बमोजिमको प्रक्रिया एवं मापदण्डको आधारमा प्राचीन सवारी तथा पुरानो सवारी (भिन्तेज सवारी) प्रदेशले दर्ता गर्न सक्नेछ ।

(१५) सवारीको दर्ता, पुन: दर्ता, दर्ता स्थानान्तरण, दर्ता नामसारी, नवीकरण, दर्ता विवरणमा हेरफेर र लगतकट्टा सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ।

१०. अस्थायी दर्ता: (१) नेपाल सरकार र कुनै दातृ निकायबीच सम्झौता भई वैदेशिक लगानीमा सञ्चालित आयोजनाको लागि कुनै विदेशी कम्पनी वा संस्थाको नाममा पैठारी भएका सवारी साधन सम्बन्धित आयोजना सम्बद्ध विषयगत मन्त्रालयबाट स्वीकृत गुरू सूची (मास्टर लिष्ट) मा परेको र त्यस्तो सम्झौतामा उल्लिखित अवधिभर नेपालभित्र सञ्चालन गर्न सम्बन्धित मन्त्रालयबाट लेखि आएमा विभागको सिफारिसमा प्रदेश कानून बमोजिम अस्थायी दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) मा उल्लिखित अवस्था बाहेक देहायको अवस्थामा कुनै सवारी साधन अस्थायी रुपमा दर्ता गर्न सकिनेछ:-

(क) सवारी पैठारी गर्ने व्यक्ति सवारी दर्ता गराउनुपर्ने म्याद भित्र दर्ता गराउन उपस्थित हुन नसक्ने मनासिब माफिकको कारण भएमा,

(ख) पैठारी गरिएको सवारीको इन्जिन, चेसिस वा अन्य कुनै पार्टपुर्जाको खराबीको कारणले गर्दा तुरुन्त दर्ता गराउन सवारी ल्याउन नसकिने भएमा,

(ग) खण्ड (ख) मा लेखिएको अवस्था परी सो सवारी निर्माण गर्ने कम्पनी वा बिक्री गर्ने एजेण्ट वा बीमा कम्पनीसँग क्षतीपूर्ति बीमासम्वन्धी विवाद परी तुरून्त दर्ता गर्न नसकिने भएमा।

(३) अस्थायी दर्ता सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ।

११. अन्य प्रयोजनको निम्ति प्रयोग गर्न नहुने: (१) दफा ९ बमोजिम दर्ता गरिएको सवारी साधन जुन प्रयोजनको निमित्त दर्ता गरिएको हो सोही प्रयोजन वाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय विपद् वा अन्य कुनै विशेष परिस्थिति सिर्जना भएको अवस्थामा नेपाल सरकार वा प्रदेश सरकारले आवश्यक मापदण्ड बनाई

कुनै सवारीलाई दर्ता भएको प्रयोजन भन्दा फरक प्रयोजनको लागि प्रयोग गर्न आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

(३) भन्सार महसुल छुट हुने गरी सुविधा प्रदान गरिएको सवारीलाई जुन प्रयोजनको निमित्त भन्सार महसुल छुट दिइएको हो त्यस्तो प्रयोजनमा बाहेक अन्य प्रयोजनको निमित्त त्यस्तो सुविधा प्राप्त सवारी प्रयोग गर्न पाइने छैन।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी सवारी साधनको रूपमा दर्ता भएका सवारी साधनलाई कुनै व्यक्ति वा संस्थाले प्रचलित कानून बमोजिम करार गरी आफ्नो निजी प्रयोजनको लागि प्रयोग गर्न सक्नेछन्।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यक कानुनी व्यवस्था गरी एग्रीगेटरले यातायात सेवा सञ्चालन गर्न पाउने गरी अनुमतिपत्र जारी गर्न सक्नेछ।

१२. <u>सवारीको अभिलेख राख्नु पर्ने</u>: (१) सवारी दर्ता गर्ने निकायले सवारीको दर्ता, पुन: दर्ता, दर्ता स्थानान्तरण, दर्ता नामसारी, नवीकरण, दर्ता विवरणमा हेरफेर, लगतकट्टा लगायतका विवरणहरु नेपाल सरकारको एकीकृत विद्युतीय प्रणालीमा प्रविष्ट गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको एकीकृत विद्युतीय प्रणालीमा भरपर्दो, विश्वसनीय र वास्तविक तथ्याङ्क प्रविष्ट गर्नु गराउनु सम्बन्धित निकायहरुको दायित्व हुनेछ।

(३) उपदफा (१) बमोजिमको प्रणालीमा प्रविष्ट भएको विवरण अभिलेख सुरक्षित राख्नु पर्नेछ।

## परिच्छेद—४

## <u>चालक अनुमति पत्र सम्बन्धी</u>

१३. <u>सवारी चलाउन नहुने</u>: (१) कसैले चालक अनुमति पत्र प्राप्त नगरी सवारी साधन चलाउनु हुँदैन।

(२) कसैले आफ्नो स्वामित्वको वा आफ्नो जिम्मामा रहेको कुनै सवारी साधन सवारी चालक अनुमति पत्र प्राप्त नगरेको कुनै व्यक्तिलाई चलाउन दिनु हुँदैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि चालक अनुमति पत्र प्राप्त नगरेको व्यक्ति (सिकारू) लाई चालक प्रशिक्षण दिने प्रयोजनको लागि सवारी साधन चलाउन दिने गरी प्रदेश कानूनमा आवश्यक व्यवस्था गर्न सकिनेछ।

(४) सार्वजनिक सवारी चलाउनको लागि सम्बन्धित वर्गको व्यवसायिक चालक अनुमति पत्र अनिवार्य हुनेछ ।

१४. <u>चालकको लागि अयोग्यता</u>: (१) देहायका व्यक्ति चालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य मानिने छन्:-

(क) ठूला सवारीको निमित्त तेइस वर्ष उमेर पूरा नगरेको,

(ख) मझौला तथा सानो (चार पाङ्ग्रे) सवारीको लागि एक्काइस वर्ष उमेर पूरा नगरेको,

(ग) सानो तीन पाङ्ग्रे र दुई पाङ्ग्रे सवारीको लागि अठार वर्ष उमेर पूरा नगरेको,

(घ) व्यवसायिक सवारी चालक अनुमतिपत्र प्राप्त गर्नको लागि आठ कक्षा उत्तिर्ण नगरेको,

(ङ) छारे रोग भएको वा मानसिक सन्तुलन गुमाएको वा एकाएक रिङ्गटा लाग्ने वा मुर्छा पर्ने किसिमको रोग भएको,

(च) ठूला र मझौला सार्वजनिक सवारीका लागि साठी वर्ष उमेर पूरा गरेको,

(छ) रातो, हरियो, पहेंलो रंगहरु छुट्टाछुट्टै रुपमा छुट्याउन नसक्ने दृष्टिदोष भएको,

(ज) रतन्धो भएको व्यक्ति, एक वा दुवै आँखाको दृष्टि गुमेको वा आँखाको देख्ने शक्ति कमजोर भई चश्मा प्रयोग गर्दा पनि सामान्य तवरले देख्ने शक्ति ठिक नभएको,

(झ) एक वा दुवै हात, एक वा दुवै खुट्टा शक्तिहीन भै काम दिन नसक्ने भएको,

(ञ) ध्वनी सङ्केत सुन्न नसक्ने गरी बहिरा भएको व्यक्तिलाई व्यवसायिक सवारी चालक अनुमतिपत्र प्रदान गरिने छैन।

(ट) भविष्यमा कुनै पनि सार्वजनिक सवारी साधन चलाउन नपाउने गरी निजले प्राप्त गरेको चालक अनुमतिपत्र खारेज गरिएको भएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ङ), (छ), (ज), (झ) र (ञ) मा उल्लिखित व्यक्तिहरुको हकमा निजी प्रयोजनको लागि चालक क्षमता परीक्षण गराई प्रदेश कानुन बमोजिम सवारी चालक अनुमतिपत्र प्रदान गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन।

(३) उपदफा (१) को खण्ड (ङ), (छ), (ज), (झ) र (ञ) मा उल्लिखित व्यक्तिहरुको शारीरिक क्षमता परीक्षण मान्यता प्राप्त चिकित्सकबाट गराउनु पर्नेछ ।

१५. <u>चालक अनुमति पत्र जारी सम्वन्धी व्यवस्था :</u> (१) प्रदेश सरकार अन्तर्गतका निकायवाट अनुसूची ४ बमोजिमका वर्गहरु अनुसार सवारी चालक अनुमति पत्र जारी हुनेछ।

(२) उपदफा (१) बमोजिम जारी गरिने चालक अनुमतिपत्रको ढाँचा अनुसूची- ५ बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम सवारी चालक अनुमतिपत्रको जारी वा अरु सवारी (वर्ग) थप गर्दा तोकिए बमोजिम परीक्षा लिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम शुरुमा जारी हुने वा उपदफा (१) बमोजिम अरू सवारी थप गरी जारी हुने चालक अनुमतिपत्र एक वर्षको लागि परीक्षणकालमा रहने गरी दिनुपर्नेछ।

(५) चालक अनुमति पत्रको अभिलेख नेपाल सरकारले तोकेको एकीकृत विद्युतीय प्रणालीमा प्रविष्ट गरी सुरक्षित राखु पर्नेछ।

(६) उपदफा (१) बमोजिम जारी भएको चालक अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले सो अनुमतिपत्रमा अनुमति दिएका वर्गका सवारी नेपालभर चलाउन सक्नेछ ।

(७) सवारी चालक अनुमति पत्र जारी सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. <u>चालक अनुमति पत्रको अवधि, नवीकरण तथा प्रतिलिपि</u>: (१) दफा १५ बमोजिम जारी भएको चालक अनुमतिपत्रको अवधि जारी भएको मितिले दश वर्षसम्म हुनेछ।

(२) उपदफा (१) बमोजिम जारी गरिएको चालक अनुमतिपत्र प्रत्येक दश वर्षमा नवीकरण गर्नुपर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १४ को खण्ड (च) बमोजिम उमेर हद तोकिएको व्यक्तिले प्राप्त गरेको चालक अनुमति पत्रको बहाल अवधि उमेर हदभन्दा बढी हुने छैन ।

(४) उपदफा (१) बमोजिमको चालक अनुमतिपत्रमा लेखिएको म्याद नाघेको मितिले नब्बे दिनभित्र त्यस्तो चालक अनुमतिपत्र नवीकरण गराई सक्नुपर्नेछ।

(५) चालकले उपदफा (२) वमोजिमको म्यादभित्र चालक अनुमतिपत्र नवीकरण गराउनको लागि दस्तुर र मान्यता प्राप्त चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिम तोकिएको अवधिमा चालक अनुमतिपत्र नवीकरण नगराउने चालकले नवीकरण दस्तुर र सोको देहाय बमोजिमको जरिवाना बुझाई अनुमतिपत्र नवीकरण गराउन सक्नेछः-

(क) म्याद समाप्त भएको मितिबाट एक वर्षसम्म एकसय प्रतिशत,

(ख) म्याद समाप्त भएको मितिबाट दुई वर्षसम्म एकसय पचास प्रतिशत,

(ग) म्याद समाप्त भएको मितिबाट तीन वर्षसम्म दुईसय प्रतिशत,

(घ) म्याद समाप्त भएको मितिबाट चार वर्षसम्म दुईसय पचास प्रतिशत,

(ङ) म्याद समाप्त भएको मितिबाट पाँच वर्षसम्म तीनसय प्रतिशत ।

(७) उपदफा (६) बमोजिमको अवधिभित्र पनि नवीकरण नगरेमा त्यस्तो सवारी चालक अनुमतिपत्र स्वत: रद्ध हुनेछ।

(८) उपदफा (७) बमोजिम रद्द भएको चालक अनुमतिपत्रको लगत दर्ता कट्टा गरिनेछ ।

(९) सवारी चालक अनुमतिपत्र नवीकरण र प्रतिलिपि सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. विदेशी चालक अनुमति पत्रको मान्यता: (१) नेपाल पक्ष राष्ट्र भएको सडक ट्राफिक सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्रबाट प्राप्त चालक अनुमति पत्र वा नेपालको चालक अनुमति पत्रलाई मान्यता दिने मुलुकबाट प्राप्त चालक अनुमति पत्रलाई परिक्षणकालिन चालक अनुमतिपत्रको मान्यता दिनुपर्नेछ ।

(२) उपदफा (१) उल्लिखित राष्ट्र बाहेकका अन्य राष्ट्रवाट कसैले चालक अनुमतिपत्र प्राप्त गरेको रहेछ भने त्यस्तो अनुमतिपत्रको मान्यता प्रदेश कानुन बमोजिम हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा लेखिएको सवारी नेपाल भित्र चलाउन पाउने छ ।

१८. अन्तरराष्ट्रिय चालक अनुमति (इन्टरनेशनल ड्राइभिंग परमिट) जारी गर्ने: (१) विभागले सवारी चालक अनुमति पत्रको म्याद बहाल रहेको नेपाली नागरिकलाई विदेशमा सवारी चलाउनको लागि तोकिएको प्रक्रिया पुरा गरी अन्तर्राष्ट्रिय चालक अनुमति (इन्टरनेशनल ड्राइभिंग परमिट) जारी गर्नेछ ।

(२) अन्तर्राष्ट्रिय चालक अनुमति जारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. चालक अनुमतिपत्रको निलम्वन तथा खारेजी : (१) देहायको अवस्थामा चालक अनुमतिपत्र निलम्बन हुन सक्नेछ।

(क) जानीजानी वा मनसायवस कुनै मानिसको मृत्यु हुने गरी दुर्घटना गराएको भनी कुनै अदालतमा मुद्धा दायर भएमा त्यस्तो मुद्धाको अन्तिम किनारा नलागेसम्म।

(ख) चालकले दफा ६९ मा उल्लिखित पालन गर्नुपर्ने शर्तहरु दफा १६(१) को अवधिमा १० पटक उल्लङ्घन गरेको प्रमाणित भएमा छ महिनासम्म।

(२) देहायको अवस्थामा चालक अनुमतिपत्र खारेज हुनेछ।

(क) चालक अनुमतिपत्र निलम्बन गरिएको मुद्धामा चालक अदालतबाट कसुरदार ठहरिएमा ।

(ख) दफा १४ मा उल्लिखित कुनै अयोग्यता भएको प्रमाणित भएमा।

२०. व्यवसायिक चालक अनुमति पत्र: (१) कसैले व्यवसायिक सवारी साधन चलाउन चाहेमा प्रदेश कानून बमोजिम तोकिएको निकायबाट व्यवसायिक सवारी चालक अनुमतिपत्र लिन सक्नेछ ।

तर शारीरिक तथा मानसिक स्वास्थ्य अवस्था, ट्राफिक नियम उल्लंघन सम्वन्धी अभिलेख, मादक पदार्थ वा लागू पदार्थ सेवन सम्वन्धी दुर्व्यसन, अपराधिक एवम् गैर सामाजिक कृयाकलापमा संलग्नताको अभिलेख भएको व्यक्तिलाई व्यवसायिक सवारी चालक अनुमति पत्र प्रदान गरिने छैन ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत सवारी चालक अनुमतिपत्र प्राप्त गरिसकेका सार्वजनिक सवारीका चालकको सवारी चालक अनुमतिपत्र स्वतः व्यवसायिक चालक अनुमतिपत्रमा परिणत भएको मानिने छ ।

(३) व्यवसायिक सवारी चालक अनुमतिपत्र लिएका चालकले प्रत्येक वर्ष मान्यता प्राप्त चिकित्सकबाट स्वास्थ्य परीक्षण गराई साथमा राख्नु पर्नेछ।

(४) व्यवसायिक सवारी चालक अनुमतिपत्र जारी र प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—५

## बाटो (रुट) निर्धारण र बाटो इजाजत

२१. बाटो (रुट) निर्धारण: (१) सडकको स्तर, सडकमा चल्न सक्ने सवारी साधनको किसिम, आवागमन गर्ने यात्रुको चाप समेतका आधारमा विभागले राष्ट्रिय लोकमार्ग र अन्तरप्रदेश लोकमार्गमा सञ्चालन हुने यातायात सेवाका लागि बाटो (रुट) निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम बाटो निर्धारण गरेको सूचना सार्वजनिक रुपमा प्रकाशित गर्नु पर्नेछ।

(३) प्रदेश सरकार तथा स्थानीय तहले सडकको स्तर, सडकमा चल्न सक्ने सवारी साधनको किसिम, आवागमन गर्ने यात्रु समेतका आधारमा प्रदेश कानून तथा स्थानीय तहको कानून बमोजिम प्रदेश तथा स्थानीय तहभित्र सञ्चालन हुने यातायात सेवाका लागि बाटो (रुट) निर्धारण गर्न सक्नेछ।

(४) शहरी क्षेत्रको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

(५) रूट निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. बाटो अनुमतिपत्र (रुट पर्मिट): (१) दफा २१ को उपदफा (१) बमोजिमको बाटोमा यातायात सेवा सञ्चालन गर्नु अघि कार्यालयबाट बाटो (रुट) अनुमतिपत्र लिनु पर्नेछ।

(२) दफा २१ को उपदफा (१), (३) र (४) बमोजिम बाटो (रुट) अनुमतिपत्र लिन चाहने सवारी धनीले देहायका कागजात समेत समावेश गरी निवेदन दिनु पर्नेछ।

(क) यस ऐन बमोजिम बीमा गरेको कागजात,

(ख) पञ्जीकृत प्रमाणपत्र,

(ग) योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सुचीकृत भएको निस्सा,

(घ) कम्पनी दर्ताको प्रमाणपत्र,

(ङ) जाँचपासको प्रमाणपत्र।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अगाडी रुट अनुमति लिएका व्यक्ति वा निकायले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र उपदफा (२)को खण्ड (ग) र (घ) बमोजिमको कागजात पेश गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई बाटो (रुट) अनुमति दिन उपयुक्त देखिएमा अनुसूची-३ बमोजिमको ढाँचामा बाटो (रुट) अनुमतिपत्र जारी गरिनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय लोकमार्ग वा अन्तर प्रदेश लोकमार्गमा सार्वजनिक यातायात सेवा सञ्चालनको लागि विभागले सवारीको मापदण्ड, सेवाको शर्त र अवधि तोकी विभिन्न यातायात सेवा प्रदान गर्ने कम्पनीबीच प्रतिस्पर्धा गराई छनोट गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम छनोट भएको यातायात सेवा प्रदान गर्ने कम्पनीको सवारी साधनलाई कार्यालयले बाटो (रुट) अनुमतिपत्र जारी गर्न सक्नेछ।

(७) उपदफा (४) बमोजिम बाटो (रुट) अनुमतिपत्र जारी गरेको सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

(८) उपदफा (२) बमोजिमको बाटो (रुट) अनुमतिको लागि दिइने निवेदनको ढाँचा, आवश्यक कागजात, निवेदन दस्तूर, शुल्क र इजाजत जारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) दफा २१ को उपदफा (३) र (४) बमोजिम निर्धारण भएको बाटोको लागि प्रदेश कानून तथा स्थानीय तहको कानून बमोजिम प्रदेश तथा स्थानीय तहको सम्वन्धित निकायले बाटो (रुट) अनुमतिपत्र जारी गर्न सक्नेछ ।

(१०) यस दफा बमोजिम बाटो अनुमति लिएको सार्वजनिक सवारीले एकभन्दा बढी बाटो (रुट) को प्रयोग गर्नु परेमा वा विशेष काम परी अनुमतिपत्रमा लेखिएको बाटो बाहेक अन्य कुनै बाटो (रुट) मा सवारी साधन चलाउनु परेमा त्यस्तो सवारी साधनले तोकिएको दस्तूर बुझाई तोकिएको निकायबाट पटके बाटो (रुट) अनुमतिपत्र लिन सक्नेछ ।

(११) यस दफा बमोजिम लिएको बाटो (रुट) अनुमतिपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा अनुमतिपत्र जारी गर्ने निकायबाट प्रतिलिपि लिनु पर्नेछ।

(१२) यस दफा बमोजिम बाटो (रुट) अनुमतिपत्र जारी गर्दा सार्वजनिक सवारीलाई प्रतिस्पर्धात्मक ढंगबाट यातायात सेवा सञ्चालन गर्न सहयोग पुग्ने गरी अनुमतिपत्र जारी गर्नु पर्नेछ।

२३. <u>बाटो अनुमतिपत्र (रुट पर्मिट) को अवधि र नवीकरण</u>: (१) दफा २२ को उपदफा (४) र (६) बमोजिम जारी बाटो (रुट) अनुमतिपत्रको अवधि जारी भएको मितिले एक वर्षसम्मको लागि बहाल रहनेछ।

(२) उपदफा (१) बमोजिमको म्याद नाघेको पन्ध्र दिनभित्र सम्बन्धित सवारी धनीले तोकिए बमोजिमको दस्तूर र यस ऐन बमोजिमको बीमा गरिएको कागजात संलग्न राखी कार्यालयबाट अर्को एक वर्षसम्मको लागि बाटो (रुट) अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र बाटो (रुट) अनुमतिपत्र नवीकरण गराउन नसक्ने सवारी धनीले नवीकरण गराउन नसक्नुको कारण सहित म्याद समाप्त भएको मितिले एक महिनाभित्र निवेदन दिएमा कार्यालयले निवेदन उपर आवश्यक जाँचबुझ गर्दा नवीकरण गर्न उपयुक्त देखेमा नवीकरणको लागि लाग्ने दस्तुरमा शत प्रतिशत थप दस्तुर लिई त्यस्तो बाटो (रुट) अनुमतिपत्र नवीकरण गर्न सक्नेछ।

(४) बाटो (रुट) अनुमतिपत्र नवीकरणको लागि दिइने निवेदनको ढाँचा, निवेदन दस्तूर र अनुमतिपत्र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) दफा २२ को उपदफा (९) बमोजिम जारी बाटो अनुमतिपत्रको नवीकरण सम्बन्धी व्यवस्था प्रदेश कानून तथा स्थानीय तहको कानून बमोजिम हुनेछ ।

२४. पुनः अनुमतिपत्र लिनु पर्ने: दफा २२ बमोजिम बाटो (रुट) अनुमतिपत्र लिएको सवारी साधनले दफा २३ बमोजिमको अवधि समाप्त नहुँदै अनुमतिपत्रमा तोकिएको बाटो भन्दा फरक बाटो (रुट) मा सवारी सञ्चालन गर्नु परेमा त्यस्तो सवारीको धनीले पुनः दफा २२ बमोजिम बाटो (रुट) अनुमतिपत्र लिनु पर्छ ।

२५. बाटो अनुमतिपत्र (रुट पर्मिट) दिन इन्कार गर्न सक्ने: (१) राष्ट्रिय लोकमार्ग र अन्तरप्रदेश लोकमार्गको अवस्था, सवारी साधनको आकार र प्रकृति, यात्रीको चाप र यातायात सेवामा संलग्न सार्वजनिक सवारीको संख्यालाई मध्यनजर गर्दा त्यस्तो बाटोमा थप सवारीलाई बाटो अनुमतिपत्र (रुट पर्मिट) प्रदान गर्न आवश्यक नदेखिएमा वा प्रदुषण तथा सुरक्षाको दृष्टिले बाटो (रुट) अनुमतिपत्र प्रदान गर्दा सार्वजनिक हित प्रतिकूल हुन जाने देखिएमा वा नेपाल सरकारले समय समयमा प्रकाशन गरेको सूचना कार्यान्वयन नगरेमा दफा २२ बमोजिम कार्यालयले बाटो (रुट) को अनुमतिपत्र दिन इन्कार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाटो अनुमतिपत्र दिन इन्कार गरिएको कारण सहितको जानकारी सम्बन्धित पक्षलाई गराउनु पर्नेछ।

२६. बाटो अनुमतिपत्र (रुट पर्मिट) स्वतः रद्द हुने: (१) दफा २२ बमोजिम जारी भएको बाटो अनुमतिपत्र (रुट पर्मिट) दफा २३ बमोजिमको अवधिभित्र नवीकरण नगरिएमा त्यस्तो अनुमतिपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको बाटो (रुट) अनुमतिपत्रको लगत जारी गर्ने निकायले कट्टा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लगत कट्टा भइसकेको बाटो अनुमतिपत्र (रुट पर्मिट) नविकरण गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिम बाटो अनुमतिपत्र रद्द भई लगत कट्टा भएको सार्वजनिक सवारीको धनीले पुनः बाटो (रुट) अनुमतिपत्र लिन निवेदन दिएमा निजबाट दफा २२ बमोजिम लिनुपर्ने दस्तुर र पाँच हजार रूपैयाँ जरिवाना वापतको रकम लिई दफा २२ बमोजिम पुन बाटो (रुट) अनुमतिपत्र दिनेछ ।

२७. <u>बाटो अनुमतिपत्र (रुट पर्मिट) स्थगित गर्न सक्ने</u>: (१) दफा २२ बमोजिम बाटो (रुट) अनुमतिपत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्रन गई एक वर्षभन्दा बढी अवधिसम्म चलाउन नसकिने भएमा त्यस्तो सवारी धनीले सोको व्यहोरा खुलाई तोकिए बमोजिमको कागजात संलग्न गरी बाटो अनुमतिपत्र (रुट पर्मिट) जारी गर्ने निकायमा त्यस्तो बाटो (रुट) अनुमतिपत्र स्थगित गर्न निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखेमा अनुमतिपत्र जारी गर्ने कार्यालयले सार्वजनिक सवारी चलाउन नसकिने अवधिसम्मका लागि त्यस्तो सवारीको बाटो अनुमतिपत्र (रुट पर्मिट) स्थगित गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम बाटो अनुमतिपत्र (रुट पर्मिट) स्थगित गरिएको अवधिको लागि नवीकरण दस्तुर लाग्ने छैन।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाटो अनुमतिपत्र (रुट पर्मिट) लिएका सवारी साधनले अनुमतिपत्रमा उल्लिखित बाटोमा सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकूल असर पर्ने गरी यातायात सेवा अवरुद्ध गरेको पाइएमा दफा २२ बमोजिम अनुमतिपत्र जारी गर्ने निकायले त्यस्तो सवारीको बाटो अनुमतिपत्र (रुट पर्मिट) बढीमा तीन महिनासम्मका लागि स्थगित गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सवारी साधनको बाटो अनुमतिपत्र (रुट पर्मिट) स्थगित गर्दा प्रतिस्पर्धाको आधारमा अन्य सवारी साधनलाई अनुमतिपत्र दिन सकिनेछ।

२८. <u>बाटो अनुमतिपत्र (रुट पर्मिट) रद्द गर्न सकिने</u> : (१) यस ऐन बमोजिम बाटो (रुट) अनुमतिपत्र लिएको कुनै सार्वजनिक सवारी चलाउन नसकिने गरी बिग्रिए वा नासिएमा त्यस्तो सवारीको धनीले सोको प्रमाण सहित बाटो (रुट) अनुमतिपत्र रद्दको लागि दफा २२ बमोजिम अनुमतिपत्र जारी गर्ने निकायमा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी इजाजत जारी गर्ने निकायले बाटो (रुट) अनुमतिपत्र रद्द गर्न सक्ने छ।

२९. <u>सवारी जाँचपास गराउनु पर्ने</u>: (१) प्रत्येक सार्वजनिक सवारी साधनको दर्ता मिति वा च्यासिस मात्र पैठारी गरी दर्ता भएको सवारी साधनको रंग र सिट क्षमता कायम भएको मितिले पाँच वर्षसम्म प्रत्येक वर्षमा एक पटक र सोभन्दा पछि प्रत्येक छ महिनामा एक पटक सवारी जाँचपास गराउनु पर्नेछ।

(२) उपदफा (१) मा उल्लिखित सवारी साधन र दुई पाङ्ग्रे सवारी साधन बाहेक अन्य सवारी साधनले सुरु दर्ता भएको मितिले पाँच वर्षपछि प्रत्येक वर्ष एक पटक सवारी जाँचपास गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम राष्ट्रिय लोकमार्ग र अन्तरप्रदेश लोकमार्गमा चल्ने सवारी साधनको जाँचपास तथा सवारीको रंग र सिट क्षमता कायम गराउनको लागि सवारी धनीले कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त हुन आएमा कार्यालयले प्राविधिकबाट सवारी साधनको परीक्षण गराउँदा तोकेको मापदण्ड पूरा भएको पाइएमा तोकिएको ढाँचामा सवारी जाँचपास र सवारी रंग साथै सिट क्षमता कायम भएको प्रमाणपत्र दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सवारी साधनको परीक्षण गर्दा जाँचपासमा असफल भएमा कार्यालयले त्यस्तो सवारी साधनको बाँकी अवधिको बाटो अनुमतिपत्र निलम्बन गर्न अनुमतिपत्र जारी गर्ने निकाय समक्ष सिफारिस गर्नेछ र यसरी सिफारिस भई आएमा बाटो अनुमतिपत्र दिने निकायले बाँकी अवधिको बाटो अनुमतिपत्र निलम्बन गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम सवारी जाँचपास असफल भएको सवारी साधनले मर्मत संभार गरी पुन: परीक्षण गराउन ल्याएमा तोकेको दस्तुर लिई कार्यालयले सवारी परीक्षण गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम सवारी परीक्षण गर्दा तोकेको मापदण्ड पूरा भएको पाइएमा कार्यालयले तोकेको ढाँचामा सवारी जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ र त्यस्तो प्रमाणपत्र सहित निवेदन दिएमा उपदफा (५) बमोजिम अनुमतिपत्र निलम्बन गर्ने निकायले त्यस्तो निलम्बन फुकुवा गरिदिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम सवारी परीक्षण गर्दा सवारी जाँचपासमा असफल हुने सवारी साधनको बाँकी अवधिको बाटो अनुमतिपत्र स्वत: खारेज हुनेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९५ बमोजिम तोकेको मापदण्डको आधारमा प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेश भित्र सञ्चालन हुने सवारी साधनको सवारी जाँचपास सम्वन्धित प्रदेश अन्तर्गतको निकायले गर्नु पर्नेछ ।

३०. <u>प्रदुषण परीक्षण गराउनु पर्ने</u>: (१) प्रत्येक सार्वजनिक सवारी साधनले दर्ता भएको मितिले पाँच वर्षसम्म प्रत्येक वर्षमा एक पटक र सोभन्दा पछि प्रत्येक छ महिनामा एक पटक सवारीको प्रदुषण परीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बाहेक अन्य सवारी साधनले शुरु दर्ता भएको मितिले तीन वर्षसम्म एक पटक र सोभन्दा पछि प्रत्येक वर्षमा एक पटक सवारीको प्रदुषण परीक्षण गराउनु पर्नेछ। प्रत्येक वर्षमा एक पटक प्रदुषण परीक्षण गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम राष्ट्रिय लोकमार्ग र अन्तरप्रदेश लोकमार्गमा चल्ने सवारी साधनको प्रदुषण परीक्षण गराउनको लागि सार्वजनिक सवारीको धनीले कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त हुन आएमा प्राविधिकबाट सवारी साधनको परीक्षण गराउँदा तोकेको मापदण्ड पूरा भएको पाइएमा कार्यालयले तोकिएको ढाँचामा सवारी प्रदुषण परीक्षणको प्रमाणपत्र दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सवारी साधनको परीक्षण गर्दा त्यस्तो साधनले तोकेको मापदण्ड भन्दा बढी प्रदुषण गरेको पाइएमा कार्यालयले त्यस्तो सवारी साधनको बाँकी अवधिको बाटो अनुमतिपत्र निलम्बन गर्न त्यस्तो अनुमतिपत्र जारी गर्ने निकाय समक्ष सिफारिस गर्न सक्नेछ र त्यसरी सिफारिस भई आएमा बाटो अनुमतिपत्र दिने निकायले बाँकी अवधिको बाटो अनुमतिपत्र निलम्बन गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम सवारी प्रदुषण परीक्षणमा असफल भएको सवारी साधनले मर्मत संभार गरी पुन: परीक्षण गराउन ल्याएमा तोकेको दस्तुर लिई कार्यालयले सवारी प्रदूषण परीक्षण गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रदुषण परीक्षण गर्दा तोकेको मापदण्ड पूरा भएको पाइएमा कार्यालयले तोकेको ढाँचामा सवारी प्रदुषण परीक्षणको प्रमाणपत्र दिनु पर्नेछ । त्यस्तो प्रमाणपत्र सहित निवेदन दिएमा उपदफा (५) बमोजिम अनुमतिपत्र निलम्बन गर्ने निकायले त्यस्तो निलम्बन फुकुवा गरिदिनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम प्रदुषण परीक्षण गर्दा परीक्षणमा असफल हुने सवारी साधनको बाँकी अवधिको बाटो अनुमतिपत्र स्वत: खारेज हुनेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९५ बमोजिम तोकेको मापदण्डको आधारमा प्रदेशभित्र सञ्चालन हुने सवारी साधनको प्रदुषण परीक्षण प्रदेश कानून बमोजिम हुनेछ ।

(१०) यस दफा बमोजिम प्रदुषण परीक्षणमा पास नभएको सवारी साधनको दफा २९ बमोजिम सवारी जाँचपास गर्नु गराउनु हुदैन।

(११) यस दफा बमोजिम प्रदूषण परीक्षणमा पास भई प्रमाणपत्र प्राप्त सवारी साधनले त्यस्तो प्रमाणपत्र सवारी साधनको अघिल्लो भागमा टाँस गर्नु पर्नेछ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय सवारी साधनको प्रदुषण परीक्षण गर्नु वा गराउनु पर्ने छैन।

(१३) सवारी प्रदुषण परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. सवारी जाँचपास तथा प्रदूषण परीक्षण सम्बन्धी विशेष व्यवस्था :(१) प्रचलित कानून बमोजिम स्थापना भई तोकेको मापदण्ड पूरा गरेका निजी क्षेत्रका सवारी जाँचपास तथा प्रदुषण परीक्षण केन्द्रलाई सवारी जाँचपास तथा सवारी प्रदूषणको परीक्षण गरी प्रमाणपत्र जारी गर्न अनुमति दिन सक्नेछ।

(२) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. यातायात सेवाको पञ्जीकरण गर्नु पर्ने: (१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने सेवा प्रदायकले यातायात सेवाको पञ्जीकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पञ्जीकरण राष्ट्रिय लोकमार्ग र अन्तरप्रदेश लोकमार्गमा चल्ने सवारी साधनको हकमा कार्यालयमा र अन्य मार्गमा चल्ने सवारी साधनको हकमा प्रदेश कानुन बमोजिम हुनेछ ।

(३) सार्वजनिक यातायात सेवा पञ्जीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. <u>भाडा निर्धारण गर्ने</u>: (१) तोकिएको मापदण्डको आधारमा विभागले राष्ट्रिय लोकमार्ग र अन्तर-प्रदेश लोकमार्गमा सञ्चालन हुने सार्वजनिक सवारी साधनको भाडादर निर्धारण गर्नेछ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले निश्चित वर्गका यात्रुको लागि सहुलियत भाडादर तोक्नेछ।

(३) मन्त्रालयले तोकेको मापदण्डको आधारमा प्रदेश सरकार तथा स्थानीय तहले प्रदेश कानून तथा स्थानीय तहको कानून तथा अन्य प्रचलित कानून बमोजिम सार्वजनिक सवारी साधनको भाडादर निर्धारण गर्न सक्नेछ ।

(४) सार्वजनिक सवारी साधनले तोकिएको वा निर्धारण गरिएको दर बमोजिमको भाडा लिनु पर्नेछ।

३४. <u>सार्वजनिक सवारीको सम्बन्धमा पालना गर्नुपर्ने शर्त</u>: सार्वजनिक यातायातको सवारी धनी, सवारी चालक, परिचालक वा कर्मचारीले देहायका शर्तहरुको पालना गर्नु पर्नेछ :-

(क) भौतिक वा विद्युतीय टिकट जारी गरेर मात्र यात्रामा संलग्न गराउनु पर्ने,

(ख) यात्रुको नाम ठेगाना उल्लेख भएको सूची यात्रा अवधिभर सवारी साधनमा राख्नु पर्ने,

(ग) बाटो अनुमति दिने निकायले तोकेको सङ्ख्यामा यात्रु राखी सवारी चलाउनु पर्ने,

(घ) यात्रुबाहक सार्वजनिक सवारीको चालकले तोकिएका विश्राम केन्द्र (रिफ्रेसमेन्ट सेन्टर) वा स्थानमा प्रत्येक चार घण्टामा एकपटक आधा घण्टा विश्राम गर्नु पर्ने,

(ङ) लामो बाटो (रुट) मा सञ्चालन हुने यात्रुबाहक सार्वजनिक सवारीमा प्रत्येक आठ घण्टापछि चालक परिवर्तन गरी यातायात सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने,

(च) यात्रुबाहक सार्वजनिक सवारी साधनले छतमा यात्रु राखी चलाउन नहुने,

(छ) सवारी चालक तथा सहचालकले सवारी साधन चलाउँदा मादक पदार्थ तथा अन्य नशालु पदार्थको सेवन गर्न नहुने,

(ज) सार्वजनिक सवारीमा निश्चित वर्गका यात्रुका लागि तोकेको सीट सङ्ख्या सुरक्षित राख्नु पर्ने,

(झ) यात्रुवाहक सार्वजनिक सवारीको लागि बाटो (रुट) अनुसार निर्धारण गरिएको गति भन्दा बढी गतिमा सवारी चलाउन नहुने,

(ञ) यात्रुलाई पूर्व निर्धारित गन्तव्य स्थलसम्म पुऱ्याउनु पर्ने,

(ट) यात्रु, पैदल यात्री तथा अन्य सर्वसाधारण व्यक्तिलाई सम्मानजनक व्यवहार गर्नु पर्ने,

(ठ) सार्वजनिक सवारी साधनमा प्राथमिक उपचारको सामाग्री (किट), आगो निभाउने यन्त्र, फोहर सङ्कलन गर्ने भाँडा (डस्टविन), को व्यवस्था गर्नु पर्ने,

(ड) अन्य तोकिए बमोजिमका शर्तको पालना गर्नु पर्ने।

३५. सुरक्षाकर्मी राख्न सक्ने: (१) सार्वजनिक सवारी धनीले सवारी तथा यात्रुको सुरक्षाको लागि आवश्यकता अनुसार त्यस्तो सवारी साधनमा सुरक्षाकर्मी राख्न सक्नेछन ।

(२) उपदफा (१) बमोजिमको सुरक्षाकर्मीको अतिरिक्त कुनै सार्वजनिक सवारी साधनमा यात्रुको सुरक्षाको लागि सुरक्षाकर्मी राख्न आवश्यक देखिएमा वा त्यस्तो सवारी साधनको सञ्चालकले आवश्यक सुरक्षा माग गरेमा त्यस्तो सवारी साधनलाई सुरक्षा प्रदान गर्न उपयुक्त देखिएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले तोकिए बमोजिम सुरक्षाकर्मी खटाउन सक्नेछ।

३६. आदेश दिन सक्ने: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारी साधनलाई कुनै खास अवधिसम्मको लागि कुनै ठाउँमा यातायात सेवा सञ्चालन गर्नको लागि मन्त्रालयले आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको आदेशको पालना गर्नु सम्बन्धित सवारी धनीको कर्तव्य हुनेछ ।

## परिच्छेद—६

## सडक यातायात सुरक्षा सम्बन्धी

३७. सवारीको गति निर्धारण: (१) सडक यातायात सम्वन्धी निकायको परामर्शमा सडकको अवस्था, सवारीको वर्ग र स्तर समेतको आधारमा सवारीको गति निर्धारण गर्नुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम गति निर्धारण राष्ट्रिय लोकमार्ग र अन्तर प्रदेश लोकमार्गको हकमा विभागले र अन्य मार्गको हकमा प्रदेश कानून वा अन्य प्रचलित कानुनले तोकेको निकायले गर्नुपर्नेछ।

तर मिश्रित ट्राफिक भएको क्षेत्र अन्तर्गत वस्ती रहेका सबै प्रकारका सडकमा सवारीको गति पचास किलोमिटर प्रति घण्टा भन्दा बढी हुने गरी गति निर्धारण गर्न सकिने छैन ।

(३) उपदफा (१) बमोजिम निर्धारण भएको भन्दा बढी गतिमा सवारी साधन चलाउन नपाउने गरी निषेध गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम निर्धारण गरिएको सुरक्षित गति सम्बन्धी सूचना तथा सो सम्बन्धी सङ्केत चिन्ह सडक सम्बन्धी निकायले सडकको उपयुक्त स्थानमा टाँस्न, अङ्कित वा जडान गर्नु पर्नेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स वा नेपाल सरकारले विशेष किसिमको ध्वनि तथा बत्ति प्रयोग गर्ने अनुमति दिएका सवारी साधनले यात्रु, चालक र सवारी साधनको सुरक्षा समेतलाई बिचार गरी उपदफा (१) बमोजिम निर्धारण भएको गति भन्दा बढि गतिमा सवारी चलाउन सक्नेछन्।

(६) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले सरोकारवाला निकायको परामर्शमा सवारीको अधिकतम गति कम हुनेगरी निर्धारण गर्न सक्नेछ।

३८. <u>सवारीको वजन र यात्रु संख्याको हद तोक्ने</u>: (१) मन्त्रालयले सडक र सवारीको अवस्था हेरी सामान सहितको सवारी साधनको वजनको हद (सीमा), आकार र यात्रुको अधिकतम संख्या निर्धारण सम्वन्धी मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा(१) बमोजिमको मापदण्डको पालना सबै सवारी साधनले गर्नुपर्नेछ ।

(३) सवारी साधनको दर्ता प्रमाणपत्रमा तोकिएको सिट संख्या भन्दा बढी यात्रु राखी सवारी साधन चलाउनु हुदैन ।

तर शहरी क्षेत्रको छोटो दुरीमा चल्ने सवारी साधनको हकमा प्रचलित कानुनमा व्यवस्था भएमा सोही बमोजिम र अन्यको हकमा तोकिए बमोजिम हुनेछ।

३९. <u>प्रतिबन्ध लगाउन वा आदेश दिन सक्ने</u>: (१) सार्वजनिक सुरक्षा, सर्वसाधारणको हित तथा यातायात व्यवस्थापनको दृष्टिले कुनै सार्वजनिक सडकमा कुनै सवारी चलाउन वा आवागमन नियन्त्रण गरी एकतर्फी संचालन गर्न उपयुक्त देखिएमा सरोकारवाला निकायको परामर्शमा बिभागले त्यस्तो सडकमा सवारी साधन पूर्ण रुपमा सञ्चालन गर्न नपाउने गरी प्रतिबन्ध लगाउन वा एकतर्फी रुपमा वा समयावधी तोकी सवारी सञ्चालन गर्न आदेश दिन सक्नेछ।

तर राष्ट्रिय राजमार्गको हकमा निर्माण वा मर्मत सम्भार वा सडक सम्पत्ति सुरक्षाका लागि अल्पकालीन रुपमा सवारी चलाउन निषेध गर्नु परेमा सम्बन्धित सडक सम्बन्धी निकायले गर्न सक्नेछ ।

(२) उपदफा (1) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश लोकमार्ग र स्थानीय सडकको हकमा त्यसरी प्रतिबन्ध लगाउनु परेमा मन्त्रालयको परामर्शमा प्रदेश कानून बमोजिम गर्न सकिनेछ।

(3) उपदफा (१) र (२) बमोजिम प्रतिबन्ध लगाइएको वा आदेश दिएको सूचना त्यस्तो प्रतिबन्ध लगाउने वा आदेश दिने निकायले सञ्चार माध्यमबाट प्रकाशन वा प्रसारण गर्नु पर्नेछ । त्यस्तो सूचना सडकको उपयुक्त स्थानमा समेत राख्नु पर्नेछ ।

४०. <u>ट्राफिक सङ्केत वा चिन्ह</u>: (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको सडक सम्बन्धी निकायले तोकिएको मापदण्ड बमोजिमको रङ्ग, आकार र नमूना बमोजिम ट्राफिक सङ्केत वा चिन्ह सडकमा राख्नु वा जडान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको वा जडान गरिएको ट्राफिक सङकेत वा चिन्ह अधिकार प्राप्त ब्यक्ति बाहेक अरु कसैले राखिएको स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, विगार्न, मेट्न, च्यात्न वा केरमेट गर्नु हुँदैन ।

(३) ट्राफिक संकेत वा चिन्ह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४१. <u>खतरायुक्त वा जोखिमयुक्त मालसामान ढुवानी सम्बन्धमा</u> : (१) खतरायुक्त वा जोखिमयुक्त मालसामान ढुवानी गर्ने मालबाहक सवारी साधनले त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी साधन तथा सर्वसाधारणलाई जानकारी दिन सवारी साधनमा साङ्केतिक चिन्ह सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(२) विभागले खतरायुक्त वा जोखिमयुक्त मालसामान ढुवानी गर्ने सम्वन्धी राष्ट्रिय मापदण्ड तयार गर्न सक्नेछ।

४२. <u>सुरक्षापेटी र सुरक्षा टोप (हेल्मेट) लगाउनु पर्ने</u>: (१) सवारी चालक तथा सवारी साधनको अघिल्लो सीटमा बस्ने व्यक्तिले सुरक्षापेटी बाँध्नु पर्नेछ ।

(२) नेपाल सरकारले मध्यम र लामो दुरीमा सञ्चालन हुने सवारी साधनमा यात्रा गर्ने यात्रुले सुरक्षापेटी लगाउनु पर्ने गरी तोक्न सक्नेछ।

(३) मोटर साइकल तथा अन्य त्यस्तै दुई पाङ्ग्रे सवारी चलाउँदा चालक र त्यस्तो सवारीमा यात्रा गर्ने अन्य यात्रुले सुरक्षा टोप (हेल्मेट) लगाउनु पर्नेछ ।

(४) दश वर्ष मुनि वा एक सय पैंतिस सेन्टिमिटर भन्दा कम उचाई भएका बालबालिकाको लागि छुट्टै सिट (चाइल्ड रिस्ट्रेन्ट) को व्यवस्था गर्नु पर्नेछ ।

(५) सवारी साधन चलाउँदा बालबालिकालाई अगाडिको सिटमा राख्न पाइने छैन ।

(६) सुरक्षा टोप (हेल्मेट) संग सम्बन्धित अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४३. <u>अपारदर्शी सिसा प्रयोग गर्न नहुने</u>: (१) नेपाल सरकारले तोकेका सवारीमा बाहेक अन्य सवारी साधनमा बाहिरबाट भित्र नदेखिने गरी अपारदर्शी सिसा राख्न वा सिसामा अन्य कुनै वस्तुको प्रयोग गरी अपारदर्शी बनाउन पाइने छैन ।

४४. <u>पार्किङ स्थल तथा बिसौनी</u>: (१) सडकको अवस्था र भौगोलिक अवस्थिति समेतको आधारमा दफा २४ बमोजिम बाटो (रुट) अनुमतिपत्र जारी गर्ने निकायले सम्वन्धित निकायबाट निर्धारण गरिएका पार्किङ स्थल र बिसौनीमा सो सवारीको लागि पार्किङ तथा विसौनी तोक्न सक्नेछ ।

(२) सवारी साधनले अन्य सवारी साधन वा सर्वसाधारणको आवागमनमा बाधा वा जोखिम नहुने गरी उपदफा (१) बमोजिम तोकेको स्थल र बिसौनीमा मात्र रोक्नु वा बिसाउनु पर्नेछ।

(३) कुनै सवारी साधन चलाउँदैको अवस्थामा बिग्रिई तत्काल अन्यत्र लैजान सकिने स्थिति नभएमा दुर्घटना नहुने किसिमले सडकको बायाँ किनारामा राखी त्यस्तो सवारी साधनले अन्य सवारी साधनले टाढैबाट देख्न सक्ने गरी रातो बत्ती, रिफ्लेक्टर वा अन्य सङ्केत राख्नु पर्नेछ ।

४५. दुर्घटना निम्त्याउने क्रियाकलाप गर्न नहुने: (१) कसैले चालक बस्ने स्थान (ड्राईभर क्याबिन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाधा पुग्ने गरी मालसामान राख्न वा उभिई वा अन्य कुनै प्रकारबाट बाधा पुर्याउनु हुँदैन ।

(२) कसैले सार्वजनिक सडकमा मालसामान, निर्माण सामग्री वा सवारी साधन राखी वा पशु चौपाया छोडी मानिस वा सवारी साधनको आवागमनमा बाधा पुर्याउने कार्य गर्नु हुँदैन।

(३) संभावित दुर्घटना हुने गरी जोखिमयुक्त तरिकाले सवारी चलाउन हुँदैन।

४६. डर, त्रास देखाउन वा शक्तिको प्रयोग गर्न नहुने: (१) सवारी साधन निर्दिष्ट मार्गमा चलाईरहेको समयमा कसैले त्यस्तो सवारी साधनलाई अन्य मार्गबाट लैजान डर, त्रास देखाउन वा अन्य कुनै किसिमको शक्तिको प्रयोग गर्न वा यात्रुलाई बन्धक बनाउने काम कारबाही गर्न वा गराउन हुँदैन।

(२) सवारीमा रहेका चालक, परिचालक, सुरक्षाकर्मी, सवारीका अन्य कर्मचारी वा यात्रीलाई पिट्ने, सवारी रोक्ने, सवारी तोडफोड गर्ने वा अन्य कुनै किसिमले त्यस्तो सवारी वा सवारीमा रहेका यात्रु वा मालसामानलाई कुनै हानी नोक्सानी पुर्याउने गर्न वा गराउन हुँदैन।

४७. मादक पदार्थ वा नशालु पदार्थ सेवन गरी सवारी चलाउन नहुने: (१) सवारी चालकले मादक पदार्थ वा नशालु पदार्थ सेवन गरी सवारी चलाउन पाउने छैन ।

(२) देहायको अवस्थालाई मादक पदार्थ सेवन गरेको मानिनेछ:-

(क) रगतमा मादक पदार्थ (ब्लड अल्कोहल कन्सेन्ट्रेशन) को मात्रा शुन्य दशमलव शुन्य पाँच ग्राम प्रति डेसिलिटर भन्दा बढी भएमा।

(ख) तीस वर्ष भन्दा कम उमेरका सवारी चालक वा परीक्षण कालमा रहेका सवारी चालकको हकमा शुन्य दशमलव शुन्य दुई ग्राम प्रति डेसिलिटर भन्दा बढी भएमा।

(३) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४८. सवारी रोक्नु पर्ने: सवारी चालकले आफूले चलाइरहेको सवारी साधन देहायको अवस्थामा रोक्नु पर्नेछ :

(क) प्रहरी वा यातायात निरीक्षकले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा,

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबु हुने संभावना भई त्यस्तो जनावर तत्काल जिम्मामा रहेको व्यक्तिले सवारी रोक्न सङ्केत गरेमा वा अनुरोध गरेमा,

(ग) सवारी दुर्घटनाग्रस्त भई कुनै मानिस, जनावर वा सम्पत्तिको हानी नोक्सानी भएमा,

(घ) जेब्रा क्रसिङमा मानिस ओहोरदोहोर गरी रहेकोमा वा ट्राफिक बत्तिले रोक्ने सङ्केत गरेकोमा।

४९. <u>सवारी दुर्घटनाको जानकारी दिनु पर्ने</u>: (१) कुनै सवारी साधन दुर्घटना भई मानिसको जीउ ज्यानमा कुनै किसिमको हानी नोक्सानी भएमा वा चोट पटक लाग्न गएमा त्यस्तो सवारी साधनको चालक, परिचालक, यात्रु वा दुर्घटना देख्ने वा थाहा पाउने व्यक्तिले घाइते मानिसको उद्धार तथा उपचारको लागि तुरुन्त आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सवारी दुर्घटनाग्रस्त भएको स्थानमा सुरक्षाकर्मी नभएमा त्यस्तो सवारी साधनको चालक, परिचालक, यात्रु वा दुर्घटना देख्ने वा थाहा पाउने व्यक्तिले तुरुन्त दुर्घटनाको जानकारी नजिकको प्रहरी कार्यालय वा स्थानीय प्रशासनलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दुर्घटनाग्रस्त भएको सवारीको सम्बन्धमा प्रहरीले त्यस्तो सवारी साधनको चालक, परिचालक, यात्रु वा दुर्घटना देख्ने वा थाहा पाउने व्यक्तिसँग कुनै कुराको जानकारी माग गरेमा दुर्घटनाको सम्बन्धमा जानकारी दिनु त्यस्तो व्यक्तिको कर्तव्य हुनेछ।

(४) उपदफा (१) बमोजिम सवारी दुर्घटनामा परेका व्यक्तिलाई आपतकालीन चिकित्सा वा गैर चिकित्सकीय हेरचाह वा सहायता प्रदान गर्ने वा पीडितलाई अस्पताल पुर्याउने क्रममा असल मनसायका साथ काम गर्दा कुनै चोटपटक लागेमा वा मृत्यु भएमा कुनै पनि देवानी तथा फौजदारी कारवाहीको लागि असल उद्दारकर्ता (गुड सामरिटन) लाई जिम्मेवार बनाइने छैन ।

(५) उपदफा (१) बमोजिम सवारी साधन दुर्घटना भएमा दुर्घटनाका सम्बन्धमा असल उद्दारकर्ता (गुड सामरिटन) लाई प्रश्न सोध्ने वा परीक्षण गर्ने तथा निजसँग व्यक्तिगत जानकारी लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिम दुर्घटनामा परेका सवारी साधन र व्यक्तिलाई कुनै हानी नोक्सानी गर्न पाइने छैन।

(७) सडक दुर्घटनामा परी घाईते भएको व्यक्तिको आफन्त वा नजिकको नातेदार सम्पर्कमा नआएको अवस्थामा वा घाईते व्यक्तिले उपचारको लागि खर्च गर्न सक्ने अवस्था नभएमा नजिकको अस्पताल तथा स्वास्थ्य संस्थाले प्रारम्भिक उपचारको व्यवस्था गर्नुपर्नेछ।

५०. <u>दुर्घटना स्थलको निरीक्षण गर्ने</u>: (१) दफा ४९ को उपदफा (२) बमोजिम दुर्घटनाको जानकारी प्राप्त भएमा सम्बन्धित प्रहरी कर्मचारीले दुर्घटना गराउने वा दुर्घटनामा पर्ने सवारी साधन तथा दुर्घटनास्थलको निरीक्षण र दुर्घटना सम्बन्धी आवश्यक सूचना संकलन गर्नु पर्नेछ।

(२) यस दफा बमोजिम दुर्घटनाको छानबिनमा खटिने कर्मचारीले बैज्ञानिक र तथ्यपरक ढंगले अनुसन्धान तहकिकात गर्नु पर्नेछ ।

(३) गम्भिर प्रकृतिका र मानवीय क्षति भएका सडक दुर्घटनाको सम्बन्धमा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले अध्ययन अनुसन्धान गर्नु पर्नेछ।

(४) दुर्घटनाको प्रकृति र छानविन लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५१. <u>सवारी बायाँतिरबाट चलाउनु पर्ने</u>: (१) कुनै पनि सडकमा सवारी चलाउँदा चालकले तोकिएको स्थानमा बाहेक अन्य स्थानमा बायाँ तर्फबाट चलाउनु पर्नेछ ।

(२) कुनै सवारी साधन अगाडि गइरहेकोमा त्यस्तो सवारी साधनलाई उछिनी जानु परेमा सङ्केत दिई उक्त सवारीको चालकले अगाडि जान सङ्केत दिएपछि मात्र पछाडिको सवारी साधनले दाहिने तिरबाट उछिनी जानु पर्नेछ ।

५२. <u>निर्धारित ठाउँबाट हिड्नु पर्ने</u>: (१) सडक पेटी भएको सडकमा पैदलयात्रीले त्यस्तो सडकको पेटीबाट हिड्नु पर्नेछ ।

तर, कुनै सडकमा सडक पेटी नभएमा पैदलयात्रीले त्यस्तो सडकको दायाँ किनारा च्यापी हिड्न बाधा पर्ने छैन ।

(२) कुनै पैदलयात्रीले सडकमा बाटो काटी हिड्नु परेमा त्यस्तो सडकमा रहेको जेब्रा क्रसिंग, सब—वे, ओभरहेड ब्रिज वा बाटो काट्न निर्धारण गरिएको ठाउँबाट हिड्नु पर्नेछ।

## परिच्छेद—७

## <u>बीमा सम्बन्धी व्यवस्था</u>

५३. <u>सवारीको बीमा गर्नुपर्ने</u>: (१) सवारी साधनको धनीले प्रत्येक सवारी साधनको तोकिए बमोजिम बीमा गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बिमा नगरिएको सवारी साधनको दर्ताको प्रमाणपत्र नवीकरण गरिने छैन र बिमा नगरिएको सार्वजनिक सवारीको यातायात सेवा संचालन गर्न पंजीकरण गरिने र बाटो इजाजतपत्र प्रदान गरिने छैन।

५४. <u>चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बीमा</u>: (१) सवारी साधनको धनीले यातायात सेवामा संलग्न चालक, परिचालक, सुरक्षाकर्मी र अन्य कर्मचारीको बीमा गराउनु पर्नेछ ।

(२) बाटोको अनुमतिपत्र दिने अधिकारीले उपदफा (१) बमोजिम चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बीमा गराए, नगराएको एकिन गर्नुपर्नेछ ।

(३) कुनै सवारी साधन दुर्घटना भई त्यसमा रहेका चालक, परिचालक, सुरक्षाकर्मी र अन्य कर्मचारीको अंगभंग वा मृत्यु भएमा त्यस्तो दुर्घटना भए बापत चालक, परिचालक, सुरक्षाकर्मी र अन्य कर्मचारीले पाउने बिमित रकम निज स्वयं वा निजको नजिकको हकवालाले पाउनेछ ।

(४) उपदफा (१) बमोजिम चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी साधन दुर्घटना हुन गई चालक, परिचालक, सुरक्षाकर्मी वा अन्य कर्मचारी मध्ये कुनै वा सबै व्यक्तिलाई कुनै किसिमको हानी

नोक्सानी हुन गएमा निजले पाउनु पर्ने बीमा रकम निज वा निजको हकवालालाई सवारी धनीले क्षतिपूर्ति बापत दिनु पर्नेछ ।

५५. यात्रुको बीमा: (१) सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने सवारी धनीले यात्रा गर्ने प्रत्येक यात्रुको तोकिएको रकमको दुर्घटना बीमा गराउनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम बीमा भएको सुचना सम्वन्धित यात्रुलाई दिनुपर्नेछ ।

(३) बाटोको अनुमतिपत्र दिने अधिकारीले उपदफा (१) बमोजिम यात्रुको बीमा गराए नगराएको एकिन गर्नुपर्नेछ ।

(४) सवारी दुर्घटनाबाट कुनै यात्री घाइते वा अंगभंग भएमा दुर्घटना बीमा वापतको रकम निजले र त्यस्तो दुर्घटनामा निजको समेत मृत्यु भएमा निजको नजिकको हकवालाले दुर्घटना बीमा वापतको रकम पाउनेछ ।

(५) कुनै सार्वजनिक सवारी साधन उपदफा (१) बमोजिम बीमा नगराई सञ्चालन गर्दा दुर्घटना भई त्यसमा यात्रा गरिरहेका कुनै यात्रुलाई कुनै किसिमको हानी नोक्सानी भएमा निजले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनीले क्षतिपूर्ति वापत उपलब्ध गराउनु पर्नेछ ।

५६. मालसामानको बीमा: (१) सेवा सञ्चालन गर्ने सवारी धनीले यात्रा गर्ने प्रत्येक यात्रुको मालसामानको तोकिएको रकमको बीमा गराउनु पर्नेछ ।

(२) सार्वजनिक यातायातमा यात्रा गर्ने यात्रुको मालसामान कुनै कारणबाट हराएमा वा नष्ट भएमा त्यस्तो मालसामानको वास्तविक मुल्य जतिसुकै भए तापनि उपदफा (१) बमोजिमको बीमा रकमभन्दा बढी हुने गरी दावी गरिएको क्षतिपूर्तिको रकमको लागि सवारी साधनको धनी उत्तरदायी हुनु पर्नेछैन ।

(३) कुनै सार्वजनिक सवारी साधनले उपदफा (१) बमोजिम बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै यात्रुको मालसामान हराएमा वा नष्ट भएमा त्यस्तो यात्रुले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनीले क्षतिपूर्ति बापत दिनु पर्नेछ ।

(४) सेवा प्रदायकले ढुवानी यातायात सेवा संचालन गर्दा माल सामान वापतको बीमा गर्नु पर्नेछ । मालसामान ढुवानी गर्दा हराएमा वा नष्ट भएमा सो वापतको बीमा रकम निज वा निजको हकवालालाई सेवा प्रदायकले क्षतिपूर्ति बापत दिनु पर्नेछ ।

(५) रुट अनुमतिपत्र प्रदान गर्ने अधिकारीले यस दफा वमोजिम मालसामानको बीमा नगरेको सम्वन्धमा यकिन गर्नुपर्नेछ ।

५७. तेस्रो पक्षको बीमा: (१) तेस्रो पक्षको बीमा नगरी कुनै सवारी साधन सञ्चालन गर्नु गराउनु हुँदैन ।

(२) उपदफा (१) बमोजिम बीमा नगरी कुनै सवारी साधन दुर्घटना भई त्यसको कारण कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्तिमा कुनै किसिमले हानी नोक्सानी भएमा त्यस्तो हानी नोक्सानीको

क्षतिपूर्ति दिने प्रयोजनका लागि सवारी धनीले तोकिएको रकमको तेस्रो पक्षको बीमा गराउनु पर्नेछ ।

(३) यस ऐन बमोजिम सवारीको दर्ता नवीकरण तथा बाटो अनुमतिपत्र दिने निकायले उपदफा (१) बमोजिम बीमा नगरी त्यस्तो सवारी साधनको दर्ता तथा बाटो अनुमतिपत्रको नवीकरण गर्नु गराउनु हुँदैन ।

(४) उपदफा (१) बमोजिम बीमा गरिएको सवारी साधन दुर्घटना भई कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्तिमा हानि नोक्सानी पुग्न गएमा त्यस्तो हानि नोक्सानीको क्षतिपूर्ति बापत हानि नोक्सानी हुने व्यक्ति वा निजको हकवालाले उपदफा (१) बमोजिमको बीमा रकम पाउनेछ ।

(५) उपदफा (१) बमोजिम तेस्रो पक्ष वा बृहत् (कम्प्रिहेन्सीभ) बीमा नगराई चलाएको सवारी दुर्घटना भई कुनै तेस्रो पक्ष वा निजको सम्पत्तिमा हानी नोक्सानी हुन गएमा त्यस्तो हानी नोक्सानी बापत तेस्रो पक्ष वा निजको नजिकको हकवालालाई सवारी धनीले उपदफा (१) बमोजिमको बीमा रकम क्षतिपूर्ति बापत उपलब्ध गराउनु पर्नेछ ।

(६) सवारी साधनको बीमा सम्बन्धी अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ ।

## परिच्छेद—८

## उच्चस्तरीय यातायात व्यवस्थापन समिति र विभागको काम, कर्तव्य र अधिकार

५८. उच्चस्तरीय यातायात व्यवस्थापन समिति: (१) यातायात क्षेत्रलाई व्यवस्थित बनाउने सम्बन्धमा अन्तर निकाय तथा तहगत समन्वयका लागि देहाय बमोजिमको एक उच्चस्तरीय यातायात व्यवस्थापन समिति गठन हुनेछ:-

(क) भौतिक पूर्वाधार तथा यातायात मन्त्री -अध्यक्ष

(ख) प्रदेशको यातायात विषय हेर्ने मन्त्रालयका मन्त्री -सदस्य

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (प्रदेश समन्वय हेर्ने) -सदस्य

(ङ) सचिव, गृह मन्त्रालय -सदस्य

(च) महानिर्देशक, विभाग -सदस्य

(छ) महानिर्देशक, सडक विभाग -सदस्य

(ज) प्रमुख, प्रहरी प्रधान कार्यालय ट्राफिक निर्देशानालय -सदस्य

(झ) नेपाल नगरपालिका संघका अध्यक्ष –सदस्य

(ञ) गाउँपालिका राष्ट्रिय महासंघका अध्यक्ष –सदस्य

(ट) यातायात सम्बद्ध राष्ट्रिय स्तरको महासंघको अध्यक्ष -सदस्य

(ठ) समितिका अध्यक्षले मनोनित गरेको एकजना महिला -सदस्य

(ड) सह-सचिव, मन्त्रालय (यातायात विषय हेर्ने) -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ट) बमोजिमको सदस्यमा मनोनयन हुनको लागि कम्तिमा दश वर्ष यातायात सेवा प्रदान गर्ने निकाय, संस्था वा कम्पनीमा संलग्न भई काम गरेको हुनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (ञ) बमोजिमको सदस्यको पदावधि तीन वर्षको हुनेछ र निज पुन: मनोनयन हुन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजले पदीय कर्तव्यको पालना नगरेमा वा समितिको हित विपरित कार्य गरेमा अध्यक्षले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर निजलाई पदबाट हटाउनु अघि सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(५) उपदफा (१) वमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञ तथा प्रदेश सरकार र स्थानीय तहका पदाधिकारीलार्इ आमन्त्रण गर्न सकिनेछ ।

(६) उपदफा (१) बमोजिमको समितिको बैठक अध्यक्षले तोकेको समय र स्थानमा कम्तिमा वर्षको दुई पटक बस्नेछ ।

(७) उपदफा (१) बमोजिमको समितिको कूल सदस्यको एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकमा गणपूरक संङ्ख्या पुगेको मानिनेछ ।

(८) उपदफा (१) वमोजिमको समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यातायात क्षेत्रसंग सम्बन्धित नीति तथा कानुनको समीक्षा र विश्लेषण गरी सुधारका लागि नेपाल सरकार समक्ष सुझाव पेश गर्ने,

(ख) यातायात क्षेत्रलाई व्यवस्थित बनाउन सङ्घ, प्रदेश र स्थानीय तह तथा गैरसरकारी निकायसँग समन्वय गर्ने,

(ग) सवारी तथा यातायात सम्बन्धी कानूनमा गर्नुपर्ने सुधारका क्षेत्र पहिचान गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(घ) यातायात व्यवस्थापनमा एकरुपता ल्याउन आवश्यक कार्य गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

५९. <u>विभाग रहने</u>: (१) यातायात सेवाको प्रभावकारी सञ्चालन, व्यवस्थापन तथा अनुगमनको लागि एउटा विभाग रहनेछ ।

(२) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:–

(क) सडक यातायात सेवालाई भरपर्दो, सुरक्षित, पहुँचयोग्य, मितव्ययी तथा वातावरणमैत्री बनाउन आवश्यक आर्थिक तथा प्राविधिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(ख) खण्ड (क) बमोजिम गरिएको अनुसन्धानको आधारमा नेपाल सरकारले अवलम्बन गर्नु पर्ने नीतिको सम्बन्धमा मन्त्रालयमा सिफारिस गर्ने,

(ग) नेपाल र अन्य देशबीच भएको सम्झौताको आधारमा दफा ९ बमोजिम दर्ता भई अन्तराष्ट्रिय रुटमा सञ्चालन हुने सवारीको बाटो इजाजत र भाडा निर्धारण गर्न मन्त्रालयलाई सिफारिस गर्ने,

(घ) यातायातको प्रभावकारी व्यवस्थापन र विकासको लागि प्रदेश सरकार तथा स्थानीय तहको सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने,

(ङ) मालसामान ढुवानीको प्राथमिकता तोकी त्यस्तो प्राथमिकता अनुसारको मालसामान ढुवानी गर्न यातायात व्यवसायी, कम्पनी तथा सो काम गर्ने अन्य निकायलाई निर्देशन दिने,

(च) राष्ट्रिय लोकमार्ग र अन्तरप्रदेश लोकमार्गमा चल्ने सार्वजनिक यातायातको भाडा निर्धारण सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गरी मापदण्ड स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(छ) सम्बन्धित निकायहरुसंग समन्वय गरी ट्राफिक चिन्ह, सङ्केतहरुको राष्ट्रिय मापदण्ड तयार गर्ने,

(ज) सवारी साधन र यातायात सेवाको स्तर निर्धारण गर्ने,

(झ) सवारी चालक प्रशिक्षण केन्द्र र कारखाना तथा वर्कशप दर्ताको राष्ट्रिय मापदण्ड तयार गर्ने,

(ञ) सवारी एसेम्वल तथा उत्पादन गर्ने कारखाना तथा वर्कशपहरुको अनुमतिपत्र जारी तथा नवीकरण गर्ने,

(ट) सवारीको यान्त्रिक स्थिति तथा स्वरूपको परीक्षणको सम्बन्धमा आवश्यक मापदण्ड तयार गर्ने,

(ठ) सवारी चालक अनुमतिपत्रको लागि लिइने परीक्षाको पाठ्यक्रम तथा चालक सीप परीक्षणको लागि आवश्यक मापदण्ड तथा परीक्षा प्रणालीको विकास गर्ने,

(ड) सवारी चालक अनुमतिपत्रको व्यवस्थापन सम्वन्धी विद्युतीय प्रविधिको प्रयोगका लागि प्रदेश सरकारसँग समन्वय तथा सञ्जालीकरण गर्ने,

(ढ) सवारी दर्ता, सवारी चालक अनुमतिपत्र र यातायात व्यवस्थापन सम्बन्धी एकीकृत अभिलेख राख्ने प्रयोजनको लागि प्रदेश सरकारसंग समन्वय गरी

सञ्जालीकृत विद्युतीय सूचना प्रणालीको स्थापना र संचालन गर्ने र प्रदेश सरकार मातहतका निकाय समेतलाई आवद्दता गराउने,

(ण) नेपाल सरकार तथा प्रदेश सरकारको यातायात सम्बन्धी निकायबीच संजाल (नेटवर्क) को स्थापना गरी अनलाईन प्रणालीको विकास गर्ने,

(त) नेपालमा उत्पादन हुने, नेपालमै जडान (एसेम्बल) हुने वा पैठारी भई आउने सवारी साधन विद्यमान सवारी प्रदूषण मापदण्ड तथा सवारी साधन सम्बन्धी अन्य मापदण्ड बमोजिम भए नभएको एकिन गरी आयात अनुमति तथा दर्ताका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(थ) सवारीको उत्पादन गर्न, वडी निर्माण गर्न तथा जडान (एसेम्बल) को लागि आवश्यक सवारी पार्टपूर्जा आयात गर्न अनुमति दिने,

(द) सवारी परीक्षण केन्द्र, तौल पुल, विश्राम स्थल जस्ता पूर्वाधारहरूको मापदण्ड तयार गरी मन्त्रालयमा पेश गर्ने र त्यस्ता स्थानको अनुगमन गर्ने,

(ध) प्रयोगमा रहेका सवारीको प्रदूषण मापदण्ड तयार गरी मन्त्रालयमा पेश गर्ने,

(न) विभाग अन्तर्गतका निकायको अनुगमन तथा निरीक्षण गर्ने,

(प) प्रदेश सरकारको यातायात सम्बद्ध निकायसँग आवश्यक समन्वय गर्ने,

(फ) यातायात व्यवस्थापन सम्बन्धमा नेपाल प्रहरीसँग समन्वय गर्ने गराउने,

(ब) यातायातसंग सम्बन्धित सरोकारवाला संघ संस्थाहरुसंग समन्वय एवं सहकार्य गर्ने ।

६०. <u>यातायात निरीक्षक</u>: (१) सार्वजनिक तथा निजी सवारी साधनले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा तोकेको मापदण्ड बमोजिम पालना गर्नु पर्ने शर्तहरु पूरा गरे नगरेको निरीक्षण गर्न यातायात निरीक्षकको व्यवस्था गर्नुपर्नेछ ।

(२) देहायका अधिकृत कर्मचारीलाई यातायात निरीक्षकको रुपमा तोक्न सकिनेछः-

(क) राष्ट्रिय लोकमार्ग र अन्तर प्रदेश लोकमार्गमा चल्ने सवारीको यातायात व्यवस्थापनका सम्वन्धमा मन्त्रालयले तोकेको कार्यालयको कार्यालय प्रमुख वा अधिकृतस्तरको कर्मचारी,

(ख) खण्ड (क) बाहेकको सवारी व्यवस्थापनको सम्वन्धमा प्रदेश कानुन वा अन्य प्रचलित कानून वमोजिम तोकिएको निकायका अधिकृतस्तरका कर्मचारी ।

(३) यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सार्वजनिक सवारीले अनुमतिपत्र प्राप्त बाटोमा यातायात सेवा सञ्चालन गरे नगरेको निरीक्षण गर्ने,

(ख) सार्वजनिक सवारीले निर्धारित सिट तथा वजन, क्षमता बमोजिम यात्री राख्ने तथा मालसामान बोक्ने गरे नगरेको निरीक्षण गर्ने,

(ग) यातायात सेवामा संलग्न सवारीले यस ऐन बमोजिम गर्नुपर्ने जाँचपास र प्रदुषण पास गराए नगराएको निरीक्षण गर्ने,

(घ) नियमानुसार दर्ता भई सञ्चालित यातायात सेवा पञ्जीकृत भए नभएको जाँच गर्ने,

(ङ) चालक अनुमति पत्र, यात्रुसूची र तौल सिट (सामानको वजनको विवरण) हेर्ने तथा यात्रीको टिकट जाँची निर्धारित भाडादर लिइएको नलिइएको एकिन गर्ने,

(च) निर्धारित गतिमा सवारी चलाइएको नचलाइएको निरीक्षण गर्ने,

(छ) चालक, परिचालक, अन्य कर्मचारी तथा सवारी धनीले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम, निर्देशिका, मापदण्ड र जारी परिपत्रको पालना गरे नगरेको निरीक्षण गर्ने,

(ज) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

(४) उपदफा (१) बमोजिमको यातायात निरीक्षक सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद—९
## कसुर तथा सजाय सम्बन्धी

६१. कसूर गरेको मानिनेः कसैले देहायको कुनै काम कारवाही गरे गराएमा निजले यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) दफा ४ विपरीत सवारी दर्ता प्रमाणपत्रमा उल्लिखित प्लेट नराखी वा अर्कै नम्बर प्लेट राखी सवारी चलाएमा वा चलाउन लगाएमा,

(ख) दफा ९ विपरीत दर्ता नगरी सवारी साधन चलाएमा वा चलाउन दिएमा,

(ग) दफा ११को उपदफा (१) विपरीत दर्ता गरेको प्रयोजन भन्दा अन्य प्रयोजनको लागि सवारी साधनको प्रयोग गरेमा,

(घ) दफा ११ को उपदफा (५) वमोजिम कुनै एग्रिगेटरले इजाजत प्राप्त नगरी यातायात सेवा संचालन गरेमा ।

(ङ) दफा १३को उपदफा (१) विपरीत चालक अनुमतिपत्र प्राप्त नगरी सवारी चलाएमा वा दफा १३ को उपदफा (२) विपरीत सवारी साधन चलाउन दिएमा,

(च) दफा २२ विपरीत वाटो (रुट) अनुमति नलिई यातायात सेवा संचालन गरेमा,

(छ) दफा २९ बमोजिम सवारी जाँचपास नगराई सवारी चलाएमा,

(ज) दफा ३० बमोजिम प्रदुषण परीक्षणको प्रमाणपत्र नराखेमा,

(झ) दफा ३१ बमोजिम अनुमति नलिई सवारी जाँचपास तथा प्रदुषण परीक्षण केन्द्र सञ्चालन गरेमा,

(ञ) दफा ३२ बमोजिम पञ्जीकरण नगरी सार्वजनिक यातायात सेवा सञ्चालन गरेमा,

(ट) दफा ३३ विपरीत हुने गरी तोकिएको भन्दा बढी भाडा लिएमा,

(ठ) दफा ३४ मा उल्लेखित भएका शर्त पालना नगरेमा,

(ड) दफा ३७ बमोजिम निर्धारित गति सीमा भन्दा वढी गतिमा सवारी चलाएमा,

(ढ) दफा ३८ को उपदफा (२) बमोजिमको मापदण्ड पालना नगरेमा,

(ण) दफा ३८ को उपदफा (३) बमोजिम लामो तथा मध्यम दुरीमा संचालन हुने सार्वजनिक यात्रुवाहक सवारी साधनमा तोकिएको सीट संख्याभन्दा बढी यात्री बोकेमा,

(त) दफा ४० को उपदफा (२) बमोजिम अधिकार प्राप्त व्यक्तिको स्वीकृती वेगर ट्राफिक संकेत हटाएमा, बदलेमा, हेरफेर गरेमा, विगारेमा, मेटेमा, च्यातेमा वा केरमेट गरेमा,

(थ) दफा ४१ वमोजिम सवारी साधनमा साङ्केतिक चिन्ह नराखेमा,

(द) दफा ४२ बमोजिम सुरक्षा पेटी र सुरक्षा टोप (हेल्मेट) नलगाई सवारी चलाएमा,

(ध) दफा ४३ बमोजिम नेपाल सरकारको स्वीकृति बेगर अपारदर्शी सिसा प्रयोग गरेमा,

(न) दफा ४४ बमोजिम तोकिएको पार्किङ स्थल तथा विसौनी बाहेकका स्थानहरुमा सवारी रोक्ने वा बिसाउने गरेमा,

(प) दफा ४५ को उपदफा (२) बमोजिम सवारी साधनको आवागमनमा बाधा पुर्याएमा,

(फ) दफा ४५ को उपदफा (३) विपरित संभावित दुर्घटना हुने गरी जोखिमयुक्त तरिकाले सवारी चलाएमा,

(ब) दफा ४६ को उपदफा १ विपरीतको कसुर गरेमा,

(भ) दफा ४६ को उपदफा २ विपरीतको कसुर गरेमा,

(म) दफा ४७ बमोजिम मादक पदार्थ वा नशालु पदार्थ सेवन गरी सवारी चलाएमा,

(य) दफा ४८ बमोजिम सवारी चालकले सवारी साधन नरोकेमा,

(र) दफा ४९ को उपदफा (६) बमोजिम दुर्घटनामा परेको सवारी साधन र यात्रीलाई हानी नोक्सानी गरेमा,

(ल) दफा ५१ बिपरित सवारी साधन चलाएमा,

(व) दफा ५२ बमोजिम तोकिएको स्थान वाहेक पैदल यात्रीले यात्रा गरेमा,

(श) परिच्छेद-७ बमोजिम बिमा नगराई सवारी साधन चलाएमा,

(ष) दफा ७४ वमोजिम अनुमति नलिई विदेशी सवारी चलाएमा,

(स) दफा ७५ बमोजिम स्वीकृति नलिई सवारीको रंग, सिट संख्या, स्वरुप, इन्जिन, च्यासिस, इन्धन वा उर्जा प्रणाली परिवर्तन गरेमा,

(ह) दफा ७६ बमोजिम अनुमति नलिई सवारी साधन उत्पादन गर्ने, कारखाना वा उद्योग सञ्चालन गरेमा,

(क्ष) दफा ७७ को उपदफा (२) बमोजिम अनुमति नलिई वर्कशप सञ्चालन गरेमा,

(त्र) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको उल्लङ्घन गरेमा वा सो अन्तर्गत नेपाल सरकार, मन्त्रालय, विभाग, कार्यालय वा अख्तियार प्राप्त कुनै अधिकारीले दिएको आदेश वा निर्देशनको पालना नगरेमा ।

६२. दण्ड सजाय: कसैले देहायको कुनै कसुर गरे गराएमा देहाय बमोजिमको सजाय हुनेछ:-

(क) दफा ६१ को खण्ड (क) वमोजिमको कसुर गर्ने गराउनेलाई दश हजारदेखि तीस हजार रुपैंयासम्म जरिवाना वा छ महिनासम्म कैद वा दुबै सजाय गरी कसुरको गाम्भीर्यताको आधारमा सवारी साधन समेत जफत गर्न सकिने,

(ख) दफा ६१ को खण्ड (ख) बमोजिमको कसुर गर्ने गराउनेलाई दुई पाङ्ग्रे र तीन पाङ्ग्रे सवारीको हकमा पाँच हजार रुपैयाँ जरिवाना, साना र मझौला सवारीको हकमा पन्ध्र हजार रुपैयाँ जरिवाना र ठूला सवारीको हकमा पचास हजार जरिवाना,

(ग) दफा ६१ को खण्ड (ग) बमोजिमको कसुर गर्ने गराउने सवारी चालकलाई दुई पाङ्ग्रे र तीन पाङ्ग्रे सवारीको हकमा दुई हजार रुपैयाँ, साना र मझौला सवारीको हकमा तीन हजार रुपैयाँ र ठूला सवारीको हकमा पाँच हजार रुपैयाँ जरिवाना र

त्यस्तो सवारी साधनको सवारी धनी अर्कै रहेछ भने निजला्ई समेत चालक सरह जरिवाना,

(घ) दफा ६१ को खण्ड (घ) बमोजिमको कसुर गर्ने गराउनेलाई दुई पाङ्ग्रे र तीन पाङ्ग्रेको हकमा पचास हजार रुपैयाँ जरिवाना, साना र मझौला सवारीको हकमा एक लाख रुपैयाँ जरिवाना र, ठूला सवारीको हकमा दुई लाख जरिवाना,

(ङ) दफा ६१ को खण्ड (ङ) वमोजिमको कसुर गर्ने गराउनेलाई दुई पाङ्ग्रे र तीन पाङ्ग्रेको हकमा दुई हजार रुपैयाँ, साना तथा मझौला सवारीको हकमा पाँच हजार रुपैयाँ, ठूला सवारीको हकमा दश हजार रुपैयाँ जरिवाना र त्यस्तो सवारी साधनको सवारी धनी अर्कै रहेछ भने निजला्ई समेत चालक सरह जरिवाना,

(च) दफा ६१ को खण्ड (च) बमोजिमको कसुर गर्ने गराउनेलाई दश हजार रुपैंया जरिवाना,

(छ) दफा ६१ को खण्ड (छ) बमोजिमको कसुर गर्ने गराउनेलाई दुई पाङ्ग्रेको हकमा पाँच हजार, तीन पांग्रे र साना सवारीको हकमा दश हजार रुपैंया र मझौला तथा ठूला सवारीको हकमा पन्ध्र हजार रुपैंया जरिवाना,

(ज) दफा ६१ को खण्ड (ज) बमोजिमको कसुर गर्ने गराउनेलाई दुई पाङ्ग्रेको हकमा एक हजार, तीन पांग्रे र साना सवारीको हकमा दुई हजार रुपैंया र मझौला तथा ठूला सवारीको हकमा पाँच हजार रुपैंया जरिवाना,

(झ) दफा ६१ को खण्ड (झ) बमोजिमको कसुर गरेमा एक लाख रुपैया जरिवाना,

(ञ) दफा ६१ को खण्ड (ञ) बमोजिमको कसुर गर्ने गराउनेलाई पन्ध्र हजार रुपैयाँ जरिवाना,

(ट) दफा ६१ को खण्ड (ट) बमोजिमको कसुर गर्ने गराउनेलाई तीन पांग्रेको हकमा दुई हजार रुपैयाँ र साना सवारीको हकमा पाँच हजार, मझौला तथा ठूला सवारीको हकमा दश हजार रुपैयाँ जरिवाना,

(ठ) दफा ६१ को खण्ड (ठ) बमोजिमको कसुर गर्ने गराउनेलाई तीन पांग्रेको हकमा पाँच हजार रुपैयाँ र साना सवारीको हकमा दश हजार, मझौला तथा ठूला सवारीको हकमा पन्ध्र हजार रुपैयाँ जरिवाना,

(ड) दफा ६१ को खण्ड (ड) बमोजिमको कसुर गर्ने गराउनेलाई पाँच हजार रुपैयाँ जरिवाना,

(ढ) दफा ६१ को खण्ड (ढ) बमोजिमको कसुर गर्ने गराउनेलाई सामान्य प्रकारको कसुरमा दुई हजार जरिवाना र इन्जिन तथा चेसिस परिवर्तन वा यातायात सुरक्षामा गम्भिर असर पर्ने किसिमको फेरवदल गरेमा एक लाख रुपैयाँ जरिवाना,

(ण) दफा ६१ को खण्ड (ण) बमोजिमको कसुर गर्ने गराउनेलाई मध्यम दूरीको हकमा दश हजार रुपैयाँ र लामो दूरीको सवारीको हकमा बीस हजार रुपैंया जरिवाना,

(त) दफा ६१ को खण्ड (त) बमोजिमको कसुर गर्ने गराउनेलाई बीस हजार रूपैयाँ जरिवाना,

(थ) दफा ६१ को खण्ड (थ) बमोजिमको कसुर गर्ने गराउनेलाई पाँच हजार रुपैंया जरिवाना,

(द) दफा ६१ को खण्ड (द) बमोजिम कसुर गरेमा तीन हजार रुपैंया जरिवाना,

(ध) दफा ६१ को खण्ड (ध) वमोजिमको कसुर गर्ने गराउनेलाई एक लाख रुपैयाँ जरिवाना,

(न) दफा ६१ को खण्ड (न) बमोजिमको कसुर गर्ने गराउनेलाई पाँच हजार रुपैंया जरिवाना,

(प) दफा ६१ को खण्ड (प) बमोजिमको कसुर गर्ने गराउनेलाई पाँच हजार देखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना,

(फ) दफा ६१ को खण्ड (फ) बमोजिमको कसुर गर्ने गराउनेलाइ तीन हजार देखि पाँच हजार रुपैयाँसम्म जरिवाना र त्यस्तो व्यक्तिबाट हानी नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त रकमको क्षतिपूर्ति,

(ब) दफा ६१ को खण्ड (ब) बमोजिमको कसुर गरेमा प्रति व्यक्ति एक लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय र त्यस्तो व्यक्तिबाट हानि नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतिपूर्तिको रकम,

(भ) दफा ६१ को खण्ड (भ) बमोजिमको कसुर गरेमा प्रति व्यक्ति पचास हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय र त्यस्तो व्यक्तिबाट हानि नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतिपूर्तिको रकम,

(म) दफा ६१ को खण्ड (म) बमोजिमको कसुर गरेमा दश हजार रुपैंया जरिवाना,

(य) दफा ६१ को खण्ड (य) बमोजिम कसुर गरेमा दुई हजार रुपैयाँ जरिवाना,

(र) दफा ६१ को खण्ड (र) बमोजिम कसुर गरेमा पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय र त्यस्तो व्यक्तिबाट हानी नोक्सानी पुग्ने व्यक्तिलाई मनासिव रकमको क्षतिपूर्ति,

(ल) दफा ६१ को खण्ड (ल) बमोजिम कसुर गरेमा पाँच हजार जरिवाना,

(श) दफा ६१ को खण्ड (व) बमोजिम तोकिएको स्थान वाहेक पैदल यात्रीले यात्रा गरेमा पाँच सय रुपैया जरिवाना,

(व) दफा ६१ को खण्ड (श) बमोजिम कसुर गरेमा पाँच हजार जरिवाना र सार्वजनिक सवारीको हकमा दश हजार जरिवाना,

(ष)दफा ६१ को खण्ड (ष) बमोजिम कसुर गरेमा पच्चीस हजार जरिवाना,

(स) दफा ६१ को खण्ड (स) बमोजिम सवारीको रङ्ग, सिट संख्या र स्वरूप परिवर्तन गरेमा बीस हजार जरिवाना र चेसिस वा इन्जिन वा उर्जा प्रणाली परिवर्तनको कसुर गर्नेलाई सवारी साधनको मूल्य बराबर जरिवाना र सवारी साधन जफत,

(ह) दफा ६१ को खण्ड (ह) बमोजिम कसुर गरेमा एक लाख रुपैयाँ जरिवाना,

(क्ष) दफा ६१ को खण्ड (क्ष) बमोजिम कसुर गरेमा पचास हजार देखि एक लाखसम्म जरिवाना,

(त्र) दफा ६१ को खण्ड (त्र) बमोजिमको कसुर गरेमा एक हजार देखि पाँच हजार रुपैयाँ जरिवाना।

६३. ज्यान मारेमा हुने सजाय: (१) कसैले सवारी साधन चलाउँदा कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना हुन गएमा त्यस्तो सवारी साधनमा रहेको वा बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा मुलुकी अपराध संहिता, २०७४ को ज्यान सम्बन्धी कसूरको परिच्छेदमा उल्लेखित म्यादभित्र मृत्यु भएमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको प्रमाणित भएमा सवारी चलाउने व्यक्तिलाई जन्मकैद हुनेछ र त्यस्तो कार्यबाट ज्यान मर्न पाएको रहेनछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसूरको मात्रा अनुसार पाँच वर्षदेखि बाह्र वर्षसम्म कैद हुनेछ ।

(२) कसैले सवारी साधन चलाउँदा कुनै मानिसलाई किची, ठक्कर दिई वा कुनै किसिमले सवारी दुर्घटना हुन गएमा त्यस्तो सवारी साधनमा रहेको वा बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा मुलुकी अपराध संहिता, २०७४ को ज्यान सम्बन्धी कसूरको परिच्छेदमा उल्लेखित म्यादभित्र मृत्यु भएमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको नभए तापनि त्यसरी सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठूलो सम्भावना छ भन्ने कुरा जानी जानी वा लापरवाहीपूर्वक गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गएको कारणबाट कुनै मानिसको मृत्यु हुन गएमा त्यसरी सवारी चलाउने व्यक्तिलाई कसूरको मात्रा अनुसार तीन वर्षदेखि दश वर्षसम्म कैद र बीस हजार देखि एक लाख सम्म जरिवाना हुनेछ ।

(३) कसैको ज्यान मर्न सक्छ भन्ने जस्तो नदेखिएको अवस्थामा कसैले कुनै सवारी चलाउँदा सवारी दुर्घटना हुन गई सवारीमा रहेको वा बाहिर जुनसुकै ठाउँमा रहे बसेको कुनै मानिसको मृत्यु हुन गएमा त्यसरी सवारी चलाउने व्यक्तिलाई एक वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(४) चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) वा (२) वा (३) बमोजिमको कसूर गरेमा निजलाई सोही उपदफा बमोजिम हुने सजायमा थप बीस हजार रुपैयाँ समेत जरिवाना हुनेछ ।

तर जन्मकैद हुनेमा त्यस्तो थप जरिवाना हुनेछैन।

(५) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सो मानिसको मृत्यु भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई एक वर्षसम्म कैद वा पचास हजार रूपैया जरिवाना वा दुवै सजाय हुनेछ ।

६४. <u>अंगभंग भएमा हुने सजाय</u> : (१) कसैले कुनै सवारी चलाउँदा कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको त्यस्तो दुर्घटनाको कारणबाट अङ्गभङ्ग भएमा त्यस्तो कार्य बदनियतसाथ गरी अन्धो वा नपुंसक भएमा त्यसरी सवारी चलाउने व्यक्तिलाई तीन बर्ष देखि पाँच वर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ । सो दुई खत बाहेक अन्य कुनै अङ्ग बेकम्मा भएमा तीन वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना र एउटै किसिमको काम लिने एउटा भन्दा बढी अङ्ग हुनेमा सो मध्ये एउटा अङ्ग मात्र बेकम्मा भएमा माथि लेखिएको सजायको आधा सजाय हुनेछ । सो खत निको भई काम लाग्ने भएमा त्यस्तो सवारी चलाउने व्यक्तिलाई दश हजार रुपैयाँ जरिवाना हुनेछ ।

(२) चालक अनुमति पत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) मा उल्लेखित कुनै कसूर गरेमा निजलाई सो उपदफा बमोजिम हुने सजायमा दश हजार रुपैयाँ थप जरिवाना हुनेछ ।

(३) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमतिपत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको अङ्गभङ्ग भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई पचास हजार रुपैयाँ जरिवाना हुनेछ ।

६५. <u>घा खर्च, किरिया खर्च र क्षतिपूर्ति भराई दिने</u>: (१) सवारी दुर्घटनाबाट कुनै पक्षलाई कुनै किसिमको हानी नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहाय बमोजिम घा खर्च, किरिया खर्च र क्षतिपूर्तिको रकम चालक वा सवारी धनीबाट भराई दिनु पर्छ :-

(क) ज्यान मरेकोमा सो मृतकको हकवालालाई किरिया खर्च बापत पचास हजार रुपैयाँ र क्षतिपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने दुर्घटना बीमाको रकम,

(ख) अङ्गभङ्ग भएकोमा निको हुँदा समेत त्यस्तो अङ्ग काम नलाग्ने भए सोको क्षतिपूर्ति बापत तेस्रो पक्ष बिमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने अङ्गभङ्ग बापतको दुर्घटना बीमाको रकम र त्यस्तो अङ्ग काम लाग्ने भए घा खर्चबापत पचास हजार रुपैयाँ ।

(२) सवारी दुर्घटनाबाट कुनै व्यक्तिको मृत्यु भएमा मृतकको हकवालालाई किरिया खर्च र क्षतिपूर्ति रकम र अङ्गभङ्ग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले तत्कालै सवारी चालक वा सवारीधनीबाट भराई दिनु पर्छ ।

(३) उपदफा (१) मा लेखिएदेखि बाहेक चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेश बर्खिलाप हुने गरी सवारी चलाई दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोटपटक लागेमा त्यस्तो व्यक्तिलाई तत्काले औषधि खर्च बापत प्रमुख जिल्ला अधिकारीले चोटपटकको स्थिति विचार गरी चालक वा सवारी धनीबाट पचास हजार रुपैयाँसम्म दिलाई दिनु पर्छ । त्यस्तो चोट पटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधि खर्च बापत दिएको रकम कट्टी गरी बाँकी पाउने रकम दिइनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम भराइने घा खर्च, किरिया खर्च र क्षतिपूर्तिको कुल रकमको पाँच प्रतिशत भन्दा बढी चालकबाट भराइने छैन् ।

(५) उपदफा (१) वा (२) बमोजिम बुझाउनु पर्ने किरिया खर्च, घा खर्च र क्षतिपूर्ति रकम चालकले बुझाउनु पर्नेमा निजले बुझाउन नसकी प्रचलित कानून बमोजिम निजको जायजेथाबाट पनि असुल उपर हुन नसकेमा सो असुल उपर नभएको रकम निजबाट असुल उपर भएको जरिवाना मध्येबाट भराई दिनु पर्छ ।

(६) मुख्य लोकमार्ग र सहरी सडकहरूमा घरपालुवा पशुपंछी छोडेको र अन्य कारणले सडक दुर्घटना भएमा सम्बन्धित पशुपंछी धनी वा कारकबाट त्यस्तो दुर्घटनाबाट भएको क्षतिको मनासिव माफिकको क्षतिपूर्ति भराउन सकिनेछ ।

(७) मादकपदार्थ सेवन गरी सवारी साधन चलाई दुर्घटना वा अन्य भौतिक क्षति हुन गएमा त्यस्तो सवारी चालकलाई यस ऐनमा उल्लेखित जरिवानाका अतिरिक्त मनासिव माफिकको क्षतिपूर्ति समेत भराउन सकिनेछ ।

(८) यस दफामा लेखिए बमोजिम बीमा कम्पनीले व्यहोर्नु पर्ने क्षतिपूर्ति वापतको बीमा रकम यथाशीघ्र भराई दिने जिम्मेवारी सम्बन्धित सवारी धनी र स्थानीय प्रशासनको हुनेछ।

(९) कुनै चालकले लापरवाही गरी वा बदनियतपूर्वक यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेशको उल्लङ्घन गरेकोमा बाहेक अन्य अवस्थामा यस ऐन बमोजिम त्यस्तो चालकले तिर्नु पर्ने जरिवाना, घा खर्च, किरिया खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित फर्म वा कम्पनी वा अन्य संगठित संस्थाले तिरी दिनु पर्छ ।

६६. <u>सजाय नहुने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चालकको काबू बाहिरको परिस्थितिबाट दुर्घटना भई कुनै हानि नोक्सानी पुग्न गएको रहेछ भने त्यस्तो सवारी चलाउने चालकलाई कुनै सजाय हुने छैन।

६७. <u>मुद्दा हेर्ने अधिकारी:</u> (१) यस ऐन वमोजिम अनुसन्धान अधिकारीले अनुसन्धान गरी दायर गरेको देहायका मुद्दाको शुरु कारवाही तथा किनारा देहायका अधिकारीले गर्नेछ :-

(क) दफा ६१ को खण्ड (क), (ख), (ग), (घ), (ङ),(च), (छ), (ज), (झ), (ञ), (ट), (ठ), (ड), (ढ), (ण), (त), (थ), (द), (ध), (न), (प), (फ), (म), (य), (र), (ल), (व), (श), (ष), (स), (ह), (क्ष) र (त्र) मा उल्लिखित कसूरका सम्वन्धमा कार्यसम्पादन गर्ने कार्यालयको प्रमुखले,

(ख) दफा ६१ को खण्ड (ब), (भ), दफा ६३, ६४ र ६५ मा उल्लिखित कसुर सम्बन्धित जिल्ला अदालतले ।

(२) उपदफा (१) बमोजिमको मुद्दा हेर्ने अधिकारीले मुद्दाको शुरु कारवाही तथा किनारा गर्दा प्रचलित कानून बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

६८. <u>यातायात निरीक्षकले तत्काल सजाय गर्न सक्ने</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यातायात निरीक्षकले देहायको कसुरमा तत्काल देहाय बमोजिमको सजाय गर्न सक्नेछ:–

(क) सार्वजनिक सवारी साधनको जाँचपास प्रमाणपत्र अद्यावधिक नगरी सवारी साधन चलाएमा दुई पांग्रेको हकमा पाँच हजार, तीन पांग्रे र साना सवारीको हकमा दश हजार रुपैंया र मझौला तथा ठूला सवारीको हकमा पन्ध्र हजार रुपैंया जरिवाना,

(ख) तोकिएको भन्दा बढी गतिमा सवारी चलाएमा पाँच हजार रुपैयाँ,

(ग) अरुलाई हानी पुग्ने गरी लापरवाहीपूर्वक सवारी चलाएमा पच्चीस हजार रूपैयाँ,

(घ) ओभरटेक गर्न नहुने ठाउँमा वा असुरक्षित ठाउँमा ओभरटेक गरेमा दुई हजार रुपैयाँ,

(ङ) सार्वजनिक सवारी साधनमा भाडादरको सूची नराखेमा एक हजार रूपैयाँ,

(च) स्तर कायम नगरी वा स्तर कायम नभएका सवारी साधनमा स्तर जनाएमा पाँच हजार रूपैयाँ,

(छ) लेन अनुशासन पालना नगरी सवारी चलाएमा वा संकेत नदिई लेन परिवर्तन गरेमा एक हजार रुपैयाँ,

(ज) फुटपाथमा सवारी चलाएमा एक हजार रुपैयाँ,

(झ) ट्राफिक चिन्ह र संकेत पालना नगरेमा एक हजार रुपैयाँ,

(ञ) रातमा बत्ती नबाली सवारी चलाएमा दुई हजार रुपैयाँ,

(ट) सार्वजनिक सवारीमा यात्रीलाई खतरा हुने गरी सामान ढुवानी गरेमा तीन हजार रुपैयाँ,

(ठ) एकतर्फी सडक (वन-वे) मा विपरीत दिशामा सवारी चलाएमा एक हजार रुपैयाँ,

(ड) प्रशिक्षण अवधिमा तोकिएको स्थानमा प्रशिक्षक साथमा नराखी सवारी चलाएमा तीन हजार रुपैयाँ,

(ढ) ट्राफिक प्रहरीको इशारा उल्लंघन गरेमा एक हजार देखि दुई हजार रुपैयाँ,

(ण) मध्यम तथा लामो दूरीको सार्वजनिक सवारीमा यात्रीलाई टिकट नदिएमा दुई हजार रुपैयाँ,

(त) लामो बाटोमा सञ्चालन हुने सवारी साधनले प्रत्येक आठ घण्टामा चालक परिवर्तन नगरेमा पाँच हजार रुपैया,

(थ) दुर्घटनापछि चालक, सहचालक र अन्य कर्मचारीले पालना गर्नुपर्ने कर्तव्य पालना नगरेमा दुई हजार रुपैयाँ,

(द) निषेधित क्षेत्रमा हर्न बजाएमा पाँच सय रूपैयाँ,

(ध) सवारी साधनबाट सडकमा फोहर फालेमा फोहर फाल्ने यात्रु वा चालक/सहचालकलाई एक हजार रुपैयाँ,

(न) चोरीको सवारी चलाएमा पचास हजार,

(प) सवारी चालक, परिचालन, सहचालक, यात्रु, पैदलयात्री तथा अन्य व्यक्तिलाई अशिष्ट अपमानजनक व्यवहार गरेमा एक हजार रुपैयासम्म,

(फ) मोबाईल फोन प्रयोग गरी सवारी चलाएमा एक हजार रूपैयाँ,

(ब) धुम्रपान सेवन गर्दै सवारी साधन चलाएमा एक हजार रूपैयाँ,

(भ) हेल्मेट र सिट बेल्टको प्रयोग नगरेमा एक हजार रुपैयाँ,

(म) अनाधिकृत व्यक्तिले ट्राफिक संकेत राख्ने, झिक्ने, फेरबदल वा नष्ट गरेमा पाँच हजार देखि बीस हजार रूपैयाँसम्म जरिवाना,

(य) सडक अनुशासन उल्लंघन गर्ने पैदल यात्रुलार्इ पाँच सय रूपैया सम्म,

(र) मादक पदार्थ वा नसालु पदार्थ सेवन गरी सवारी चलाएमा दश हजार रूपैयाँ,

(ल) तोकिएका कागजात बेगर सवारी चलाएमा एक हजार रूपैयाँ,

(व) ढोका खुल्ला राखी सवारी साधन चलाएमा पाँच हजार रूपैयाँ,

(श) अवस्था ठिक नभएको सवारी साधन चलाएमा एक हजार रूपैयाँ,

(ष) निषेधित क्षेत्र र समयमा सवारी चलाएमा एक हजार रूपैयाँ,

(स) सार्वजनिक सवारी साधनले तोकिएको सिट क्षमता सम्मको यात्रु लिन इन्कार गरेमा दुई हजार रूपैयाँ,

(ह) मिटर ट्याक्सीले मिटरमा जान नमानेमा तीन हजार रूपैयाँ,

(क्ष) सवारी चालक र परिचालकले सवारी चलाउँदा परिचयपत्र नलगाएमा एक सय रुपैयाँ,

(२) दफा ६१, ६३ र ६४ मा उल्लिखित बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको विपरीत काम कारबाही गर्ने गराउनेलाई विभागले कसूरको मात्रा हेरी दुई हजार देखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कसुर दोस्रो पटक उल्लंघन गरेमा पचास प्रतिशत र सो भन्दा बढी पटक उल्लघंन गरेमा शत प्रतिशत थप जरिवाना हुनेछ ।

(४) उपदफा (१) बमोजिम यातायात निरीक्षकले गरेको जरिबानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित प्रहरी कार्यालय वा कार्यालय प्रमुख समक्ष बुझाउन पुर्जी दिनु पर्नेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (१) मा उल्लेखित कसूर गर्दाको बखत निजलाई सजाय गर्न तत्काल घटनास्थलमा यातायात निरीक्षक तोक्न योग्यता पुगेको प्रहरी कर्मचारी नभएमा घटनास्थलमा रहेको कुनै प्रहरी जवानले त्यस्तो कसूर गर्नेलाई निजले गरेको कसूर र सोवापत लाग्ने जरिवानाको रकम खुलाई चौबीस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पुर्जी दिन सक्नेछ ।

(६) उपदफा (२) वा (३) मा उल्लिखित समयसम्म जरिबानाको रकम नबुझाउनेलाई कार्यालय प्रमुखले जरिवानाको दोब्बर रकम लिई सवारीको बाटो अनुमतिपत्र वा निजहरुले यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र बढीमा एक महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिवाना नबुझाएमा त्यस्तो सवारीको बाटो अनुमतिपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त अनुमतिपत्र कार्यालय प्रमुखले खारेज गर्न सक्नेछ ।

(८) यस ऐन बमोजिम असुल गर्नुपर्ने जरीवाना सम्भव भए सम्म तोकिएको बैंकमा दाखिला गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐनको बिपरीत कसुर गर्ने सवारी चालक र धनीलार्इ उल्लिखित सजायको साथै ट्राफिक सम्बन्धी सचेतना कक्षामा सहभागी गराउन सकिनेछ ।

६९. <u>नेपाल सरकार वादी हुने</u> : दफा ६३ र ६४ अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ मा परेको मानिनेछ ।

७०. <u>हदम्याद</u>: दफा ६३ अन्तर्गतको कसूरको हकमा मुलुकी अपराध संहिता, २०७४ को ज्यान सम्बन्धी कसूरको परिच्छेदमा उल्लिखित म्यादभित्र, दफा ६४ अन्तरगतको कसूरको हकमा मुलुकी अपराध संहिता, २०७४ को कुटपिट वा अंगभंग सम्बन्धी कसूरको परिच्छेदमा उल्लिखित

म्यादभित्र र यस ऐन अन्तरगतका अन्य कसुरको हकमा कसूर भएको मितिले पैतीस दिनभित्र उजुर गर्नु पर्नेछ ।

७१. पुनरावेदन: (१) कार्यालय प्रमुख, प्रहरी वा यातायात निरीक्षकले यस ऐन बमोजिम गरेको निर्णय वा सजायको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय वा सजायको आदेशको जानकारी पाएको मितिले पैत्तीस दिनभित्र विभागको महानिर्देशक समक्ष तथा प्रदेश कार्यालयको हकमा सवारी तथा यातायात व्यवस्था सम्बन्धी विषय हेर्ने प्रदेश मन्त्रालयको सचिव समक्ष पुनरावेदन गर्नु पर्नेछ ।

(२) दफा ६७ को खण्ड (ख) बमोजिम जिल्ला अदालतले गरेको निर्णय वा आदेश र यस ऐन बमोजिम महानिर्देशक वा प्रदेश मन्त्रालयको सचिवले गरेको निर्णय वा आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय वा आदेशको जानकारी पाएको मितिले पैत्तीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्नु पर्नेछ।

## परिच्छेद—९
## विविध

७२. सूचना प्रविधिमा आधारित संजालीकृत यातायात सेवा: (१) सूचना प्रविधिमा आधारित संजालीकृत यातायात सेवा सञ्चालनको लागि विभागले यातायात सेवा सञ्चालनको आधार र मापदण्ड निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विभागले आधार र मापदण्ड निर्धारण गर्दा सवारी साधनको प्रकृति, लिन सक्ने अधिकतम भाडा रकम, यातायात सञ्चालन हुन सक्ने क्षेत्र, चालक र यात्रुको बीमा तथा सेवा सुबिधा, दूरी र चढाउन पाउने अधिकतम यात्रुको सङ्ख्या समेतलाई विचार गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको यातायात सेवा सञ्चालन गर्ने व्यक्ति वा संस्थाले त्यस्तो यातायात सेवाको लागि प्रयोग हुने सवारी साधन अनिवार्य रुपमा भाडाको सवारी साधनको रुपमा दर्ता गर्नु पर्नेछ ।

(४) सूचना प्रविधिमा आधारित संजालीकृत यातायात सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७३. अनुमति नलिई विदेशी सवारी चलाउन नहुने: (१) विदेशमा दर्ता भएको सवारी प्रचलित कानून बमोजिम अनुमति नलिई नेपाल भित्र चलाउन हुँदैन।

(२) विदेशमा दर्ता भएको सवारी नेपाल भित्र चलाउने अनुमति माग गरेमा भन्सार वा अध्यागमन कार्यालयको प्रमुखले तोकिएको दस्तुर लिई बढीमा एक महिनासम्मको लागि त्यस्तो सवारी चलाउने अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त गरेको सवारीलाई रुट इजाजत आवश्यक पर्ने छैन।

तर त्यस्तो सवारीलाई नेपाल भित्र यातायात सेवा सञ्चालन गर्ने अनुमति दिइने छैन।

७४. स्वीकृति नलिई हेरफेर गर्न नहुने: (१) सवारी धनीले सवारी दर्ता गर्ने निकायको स्वीकृति नलिई सवारीको रंग, सिट संख्या, स्वरुप, इन्जिन, च्यासिस तथा उर्जा प्रणाली परिवर्तन हुने गरी सवारीमा हेरफेर गर्न हुँदैन।

तर यस उपदफाले सवारीमा सामान्य पार्टपुर्जा परिवर्तन गर्न कुनै बाधा पुर्‍याएको मानिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पेट्रोल वा डिजेल इन्जिनवाट चल्ने सवारी साधनलाई बातावरणमैत्री तथा नवीकरणीय उर्जावाट चल्ने गरी परिवर्तन गर्न सकिने छ।

(३) उपदफा (२) वमोजिम सवारी साधनको उर्जा प्रणालीमा परिवर्तन गर्ने सम्वन्धमा विभागले आवश्यक मापदण्ड तयार गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको हेरफेर सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७५. कारखाना सञ्चालन गर्न अनुमति लिनुपर्ने: (१) कसैले सवारीको पार्टपुर्जा उत्पादन वा पैठारी पश्चात जडान (एसेम्बल) गरी सवारी साधन उत्पादन गर्ने कारखाना वा उद्योग स्थापना गर्न वा ईन्जिनको परिवर्तन गर्न चाहेमा विभागबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कारखाना वा उद्योगको अनुमति, शुल्क तथा नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७६. प्रशिक्षण केन्द्र, वर्कसपको अनुमति तथा अनुगमन: (१) सवारी चालक प्रशिक्षण केन्द्र, प्रदुषण परिक्षण केन्द्र तथा वर्कसपको मापदण्ड मन्त्रालयले निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित मापदण्डका आधारमा प्रदेश कानून बमोजिम तोकेको निकायले सवारी चालक प्रशिक्षण केन्द्र तथा वर्कसपको अनुमतिपत्र प्रदान, नवीकरण तथा अनुगमन निरीक्षण गर्नेछ ।

७७. कागजात साथमा राख्नु पर्ने: (१) कुनै सवारी चालकले त्यस्तो सवारी चलाउदा चालक अनुमतिपत्र, सवारीको दर्ताको प्रमाणपत्र, सार्वजनिक सवारीको हकमा बाटो अनुमतिपत्र, जाँचपास प्रमाणपत्र र प्रदुषण प्रमाणपत्र तथा मालसामान ढुवानी गर्दा भार पर्चा (वजन सिट) समेत साथमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका कागजातहरु नेपाल सरकारको आधिकारिक पोर्टलमा विद्युतीय रुपमा राखिएमा प्रमाणको रुपमा लिन सकिनेछ ।

७८. प्रतिस्पर्धात्मक ढंगबाट यातायात सेवा सञ्चालन गर्नु पर्ने: प्रत्येक सवारी धनीले यातायात सेवामा स्वस्थ प्रतिस्पर्धा कायम गर्नको लागि सार्वजनिक सवारीलाई प्रतिस्पर्धात्मक ढंगबाट यातायात सेवा सञ्चालन गर्नु पर्नेछ ।

७९. पुनर्ताजगी केन्द्र (रिफ्रेस्मेन्ट सेन्टर) संचालन गर्न सकिने: (१) मध्यम तथा लामो दुरीमा चल्ने सार्वजनिक सवारीका चालक, सहचालक अन्य श्रमिक तथा यात्रुहरुका लागि विश्राम, जलपान,

भोजन तथा मनोरञ्जन एवम् सवारीको सामान्य मर्मत गर्ने समेतको सुविधा भएको पुनर्ताजगी केन्द्र (रिफ्रेस्मेन्ट सेन्टर) तोकिए बमोजिम निजी क्षेत्रबाट समेत संचालन गर्न सकिने छ।

(२) उपदफा (१) वमोजिम संचालन हुने पुनर्ताजगी केन्द्र (रिफ्रेस्मेन्ट सेन्टर) को लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले प्रचलित कानून बमोजिम सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछन।

८०. <u>सवारी चालक र परिचालकको परिचयपत्र सम्वन्धी व्यवस्था</u>: (१) सेवा प्रदायकले चालक, परिचालक र सहचालकलाई अनिवार्य रुपमा परिचयपत्र उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जारी गरिएको परिचयपत्र सवारी चालक, परिचालक र सहचालकले सवारी चलाउदा सबैले देख्ने गरी अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

८१. <u>निर्देशन दिन सक्ने</u> : (१) मन्त्रालयले सार्वजनिक यातायात सेवा प्रभावकारी, सरल, सुरक्षित तथा सुलभ बनाउन यातायात सेवा प्रदायकलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित यातायात सेवा प्रदायकको कर्तव्य हुनेछ ।

८२. <u>विशेष अधिकार</u> **:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारीको सम्बन्धमा यस ऐनको कुनै व्यवस्था तोकिएको अवधिसम्म लागू नहुने गरी नेपाल सरकारले छुट दिन सक्नेछ ।

८३. <u>अधिकार प्रत्यायोजन</u> : (१) नेपाल सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार मन्त्रालयलाई, मन्त्रालयले यस ऐन बमोजिम प्राप्त अधिकार मध्ये केही अधिकार विभागलाई र विभागले यस ऐन बमोजिम प्राप्त अधिकार मध्ये केही अधिकार आवश्यकतानुसार मातहतका निकाय, अधिकारी, यातायात निरीक्षक वा प्रहरीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम प्राप्त अधिकारको प्रत्यायोजन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

८४. <u>सहयोग पुर्याउनु पर्ने</u> : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी मापदण्डको कार्यान्वयन गर्ने सिलसिलामा यातायात सम्वद्ध निकाय वा अधिकारीले कुनै किसिमको सहयोग मागेमा निजलाई त्यस्तो सहयोग पुर्याउनु स्थानीय प्रशासन र प्रहरीको कर्तव्य हुनेछ।

८५. <u>पालना गर्नु पर्ने</u>: यस ऐन बमोजिम दर्ता गर्न वा चालक अनुमतिपत्र लिन नपर्ने कुनै सवारी साधन चलाउँदा चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशद्वारा निर्धारण गरिएको ट्राफिक चिन्ह वा सङ्केतको पालना गर्नु पर्नेछ ।

८६. <u>असल नियतले गरेको कामको बचाउ</u> : यातायातसँग सम्बन्धित पदाधिकारीले यस ऐन तथा प्रत्यायोजित अधिकार बमोजिम आफ्नो कर्तव्य पालना गर्दा असल नियतले गरेको काम कारवाहीको सम्बन्धमा निज व्यक्तिगत रूपमा जावफदेही हुनु पर्ने छैन ।

८७. <u>सवारी शिक्षा सञ्चालन गर्नेः</u> (१) सवारी दुर्घटनालाई न्यूनीकरण गर्न सवारी शिक्षा सम्बन्धी विषयलाई सम्बन्धित निकायले विद्यालयस्तरीय पाठ्यपुस्तकमा समावेश गर्नु पर्नेछ ।

(२) मन्त्रालय, विभाग तथा यातायात सम्वद्ध निकायहरुले आवश्यकता अनुसार यातायात सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न वा गराउन सक्नेछन् ।

८८. <u>दुर्घटना तथा राहत कोष :</u> (१) कुनै पनि सवारी साधनको दुर्घटना भई नजिकको हकदार फेला नपरेका गम्भीर घाइतेको उपचार गराउन वा क्षतिपुर्ति उपलब्ध गराउन वा सवारी धनी वा चालकवाट तोकिएको क्षतिपूर्ति भराउन नसक्ने अवस्था भएमा वा दुर्घटनाको क्षतिपूर्ति बीमा रकमले नपुग्ने भएको अवस्थामा क्षतिपुर्ति तथा राहत व्यवस्थापनका लागि दुर्घटना तथा राहत कोष स्थापना गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहवाट प्राप्त रकम,

(ख) कम्पनी, संस्था वा व्यवसायीवाट प्राप्त रकम,

(ग) अन्य स्रोतवाट प्राप्त रकम ।

(३) दुर्घटना तथा राहत कोष संचालन र व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८९. <u>अलपत्र परेका सवारी साधनको व्यवस्थापन :</u> (१) सडकमा अलपत्ररुपमा फेला परेका, सवारी दुर्घटनामा परी अलपत्र छोडिएका वा प्रहरीद्वारा चेकजाँचको क्रममा वा अन्य कुनै अवस्थामा फेला परेका तर सम्बन्धित सवारी धनीलाई बुझाउन नसकिएका सवारी साधन फिर्ता लिनका लागि सम्बन्धित प्रहरी कार्यालयले फेला परेको सवारीको सम्बन्धमा कम्तीमा तीस दिनको म्याद दिई तोकिए बमोजिम विधुतीय वा छापाको माध्यमबाट सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) सवारी साधन हराएमा वा चोरी भएमा सो को जानकारी प्रहरीसमक्ष गराउनु सबारी धनीको कर्तव्य हुनेछ र यसरी प्राप्त जानकारीको अभिलेख बिधुतीय माध्यममा समेत राख्नु प्रहरीको कर्तब्य हुनेछ ।

(३) उपदफा (१) बमोजिमको सूचनामा तोकिएको अवधिभित्र सवारी धनी वा निजको अधिकृत वारेसनामा पाएको ब्यक्ति उपस्थित भएमा निजलाई सम्बन्धित सवारी साधन तोकिए बमोजिमको प्रकृया पुरा गरि बुझाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको अवधिभित्र सवारी साधन बुझिलिन सम्बन्धित सवारी धनी वा निजको अधिकृत वारेसनामा पाएको ब्यक्ति उपस्थित नभएमा त्यस्तो सवारी साधन प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी प्राप्त रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम लिलाम सकार गर्ने व्यक्तिको नाममा त्यस्तो सवारी साधन नामसारी गर्नको लागि सम्बन्धित प्रहरी कार्यालयले सम्बन्धित सवारी दर्ता गर्ने कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (५) बमोजिम नामसारीको लागि लेखी आएमा सवारी दर्ता गर्ने कार्यालयले जरिबाना बापतको रकम नलिई त्यस्तो सवारी साधन लिलाम सकार गर्ने व्यक्तिको नाममा नामसारी गरिदिनु पर्नेछ।

(७) अलपत्ररुपमा छाडिएका सवारीको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रदेश कानुन बमोजिम हुनेछ।

९०. ठूला सार्वजनिक सवारीलाई प्राथमिकता दिन सकिने: मिश्रित ट्राफिक भएको सार्वजनिक सडकमा गुड्ने ठूला सार्वजनिक सवारीहरुले प्राथमिकता पाउनेछन्।

९१. अनुसूचीमा हेरफेर गर्न सक्ने: नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

९२. नियम बनाउने अधिकार: यस ऐनको उद्देश्य पूर्तिको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

९३. निर्देशिका तथा कार्यविधि बनाउने अधिकार : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही विभागले मन्त्रालयको सहमतिमा आवश्यक निर्देशिका र कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

९४. सवारी साधनको भौतिक तथा निर्माण प्रक्रिया सम्बन्धी मापदण्ड: (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालमा उत्पादन, जडान (एसेम्बल), निकासी र पैठारी हुने सवारी साधनको स्वरुप, इन्जिन, च्यासिस तथा बडी सम्बन्धी भौतिक तथा निर्माण प्रक्रिया सम्बन्धी मापदण्ड निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड भित्र रही सवारी साधनको उत्पादन, जडान (एसेम्बल), निकासी र पैठारी गर्नु पर्नेछ।

९५. सवारी सम्बन्धी मापदण्ड: (१) मन्त्रालयले सवारी साधनको सम्बन्धमा देहायका मापदण्ड निर्धारण गर्न सक्नेछ :-

(क) सवारीको यान्त्रिक स्थितिको सम्बन्धमा,

(ख) सवारीको वर्गिकरण लम्बाई, चौडाई, उचाई, बनौट वा स्वरूपको सम्बन्धमा,

(ग) पेट्रोल, डिजेल वा अन्य इन्धनबाट चल्ने सवारीलाई विद्युतीय वा अन्य बैकल्पिक ऊर्जावाट चल्ने सवारीमा रुपान्तरण गर्ने सम्बन्धमा,

(घ) सञ्चालनमा रहेका सवारीबाट हुन सक्ने ध्वनी, वायु लगायत अन्य प्रदूषणको सम्बन्धमा,

(ङ) यातायात सुरक्षा, सवारीको जाँचपास तथा परीक्षण सम्बन्धमा,

(च) सवारी चलाउन सकिने अवधि (आयु) को सम्बन्धमा,

(छ) यात्रुबाट लिने भाडादर निर्धारण सम्बन्धमा,

(ज) सवारीमा प्रयोग हुने इन्धनको सम्बन्धमा,

(झ) सवारी साधनमा प्रयोग हुने पार्टपुर्जा सम्बन्धमा,

(ञ) मन्त्रालयले आवश्यक ठानेका अन्य विषयका सम्बन्धमा ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको मापदण्ड प्रदेश, स्थानीय तह र सम्बन्धित सबैले पालना गर्नु पर्नेछ।

९६. खारेजी र बचाउ : (१) सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको ऐन अन्तर्गत भए गरेका काम कारवाही यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

## अनुसूची-१

(दफा ३ संग सम्बन्धित)

### (क) सवारीको आकार, वजन, पांग्रा, सिट क्षमताको आधारमा वर्गीकरण

(1) दुई पाङ्ग्रे, तीन पाङ्ग्रे तथा हलुका चार पाङ्ग्रे सवारी

| वर्ग | प्रकार | विशेषता |
|---|---|---|
| L1 | हलुका दुई पाङ्ग्रे सवारी | अधिकतम डिजाइन गति ५० km/h भन्दा बढी नभएको र थर्मिक इन्जिनको हकमा ५० cm3 सम्मको विस्थापन आयतन भएको इन्जिन जडित वा इलेक्ट्रिकको हकमा मोटर शक्ति ०.२५ किलोवाट देखि ०.५ किलोवाटसम्म भएको सवारी |
| $L_2$ | हलुका तीन पाङ्ग्रे सवारी | अधिकतम डिजाइन गति ५० km/h भन्दा बढी नभएको र थर्मिक इन्जिनको हकमा ५० cm3 सम्मको विस्थापन आयतन भएको इन्जिन जडित वा इलेक्ट्रिकको हकमा मोटर शक्ति ०.२५ किलोवाट देखि ०.५ किलोवाटसम्म भएको सवारी |
| $L_3$ | दुई पाङ्ग्रे सवारी | अधिकतम डिजाइन गति ५० km/h भन्दा बढी भएको र थर्मिक इन्जिनको हकमा ५० cm3 भन्दा बढी विस्थापन आयतन भएको इन्जिन जडित वा इलेक्ट्रिकको हकमा मोटर शक्ति ०.५ किलोवाट भन्दा बढी भएको सवारी। |
| $L_4$ | तीन पाङ्ग्रे सवारी (साइडकार सहितको मोटरसाइकल) | अधिकतम डिजाइन गति ५० km/h भन्दा बढी भएको र थर्मिक इन्जिनको हकमा ५० cm3 भन्दा बढी विस्थापन आयतन भएको इन्जिन जडित वा इलेक्ट्रिकको हकमा मोटर शक्ति ०.५ किलोवाट भन्दा बढी भएको तीन पांग्रा असममित (asymmetrical wheel arrangement) रूपमा जडान गरिएको सवारी। |

| | | |
|---|---|---|
| $L_5$ | तीन पाङ्ग्रे सवारी (ट्राइसाइकल) | अधिकतम डिजाइन गति ५० km/h भन्दा बढी भएको र थर्मिक इन्जिनको हकमा ५० cm3 भन्दा बढी विस्थापन आयतन भएको इन्जिन जडित वा इलेक्ट्रिकको हकमा मोटर शक्ति ०.५ किलोवाट भन्दा बढी भएको तीन पाङ्ग्रा सममित (symmetrical wheel arrangement) रूपमा जडान गरिएको सवारी। |
| L6 | हलुका चार पाङ्ग्रे लघु सवारी (लाइट क्वाड्रीसाइकल) | खाली सवारीको तौल (Empty Mass) ३५० केजीसम्म भएको (विद्युतीय सवारीको हकमा ब्याट्रीको तौल बाहेक), अधिकतम डिजाइन गति ४५ km/h सम्म भएको र सकारात्मक प्रज्वलन (Positive Ignition) इन्जिनको हकमा ५० $cm^3$ सम्म विस्थापन आयतन भएको वा अन्य इन्जिनको हकमा Maximum Net Power Output ४ kW सम्म भएको वा विद्युतीय इन्जिनको हकमा Maximum Continuous Rated Power ४ kW सम्म भएको सवारी। |
| L7 | हलुका चार पाङ्ग्रे मध्यम सवारी (लाइट क्वाड्रीसाइकल) | L6 वर्गमा नपर्ने ४०० केजी (मालवाहकको हकमा ५५० केजी) सम्म खाली तौल भएको (विद्युतीय सवारीको हकमा ब्याट्रीको तौल बाहेक) र १५ kW सम्म Maximum Continuous Rated Power भएको इन्जिन जडित एवं विद्युतीय सवारी। |

---

(आ) कम्तिमा चार पाङ्ग्रा भएका सवारी

| वर्ग | उपवर्ग | प्रकार | विशेषता |
|---|---|---|---|
| M | $M_1$ | साना यात्रुवाहक सवारी | चालक बाहेक अधिकतम ८ यात्रुका लागि सिट भएको । |
| | $M_2$ | मझौला यात्रुवाहक सवारी | चालक बाहेक ८ भन्दा बढी यात्रुका लागि सिट भएको र अधिकतम वजन ५ टनसम्म भएको । |
| | $M_3$ | ठूला यात्रुवाहक सवारी | चालक बाहेक ८ भन्दा बढी यात्रुका लागि सिट भएको र अधिकतम वजन ५ टन भन्दा बढी भएको । |
| N | $N_1$ | साना मालबाहक सवारी | अधिकतम वजन ३.५ टन सम्म भएको । |
| | $N_2$ | मझौला मालबाहक सवारी | अधिकतम वजन ३.५ टन भन्दा बढी तर १२ टनसम्म भएको । |
| | $N_3$ | ठूला मालबाहक सवारी | अधिकतम वजन १२ टन भन्दा बढी भएको । |
| O | O1 | ट्रेलर (सेमी ट्रेलर सहित) | अधिकतम वजन 0.75 टन भन्दा बढी नभएका ट्रेलरहरू। |
| | O2 | | अधिकतम वजन 0.75 टनभन्दा बढी भएका तर 3.5 टन भन्दा बढी नभएका ट्रेलरहरू। |

| | | | |
|---|---|---|---|
| | O3 | | अधिकतम वजन ३.5 टनभन्दा बढी भएका तर १० टन भन्दा बढी नभएका ट्रेलरहरू। |
| | O4 | | अधिकतम वजन १० टन भन्दा बढी भएका ट्रेलरहरू। |

**(ख) विशेष प्रयोजनका आधारमा सवारीको वर्गीकरण**

| वर्ग | प्रकार | विशेषता |
|---|---|---|
| SA | मोटर क्याराभान | सीट,टेवल,स्लीपर खाना पकाउने सुबिधा भएको, आवासीय सुविधा भएको सवारी; यात्राको क्रममा बस्न, सुत्न र अन्य मनोरञ्जनका लागि प्रयोग हुने सवारी। |
| SB | (सुरक्षा सवारी) आर्मरड भेहिकल | हतियार सहित भएको, आर्मीले प्रयोग गर्ने, सुरक्षा उपकरण जस्तै बलियो धातुको शरीर, गोली र विस्फोटक प्रतिरोध क्षमता भएका सवारी। |
| SC | एम्बुलेस तथा सव-वाहन | बिरामी र शव ढुवानीका लागि विशेष डिजाइन, चिकित्सकीय उपकरणले सुसज्जित सवारी। |
| AV | अपाङ्गता भएका ब्यक्तिले प्रयोग गर्ने सवारी | अपाङ्गता भएका व्यक्तिहरूको सहज र सुरक्षित आवागमनका लागि विशेष रूपमा डिजाइन वा परिमार्जित गरिएका निजी सवारी। |
| T | कृषि उपयोगी सवारी साधन | कृषि कार्यहरूमा प्रयोग हुन विशेष रूपमा डिजाइन गरिएका सवारी। |
| I | निर्माणकार्य उपयोगी मेसिनरी /सवारी | विकास र भौतिक संरचना निर्माणमा प्रयोग गरिने विशेष सवारी। |
| E | मनोरंजन उपयोगी मेसिनरी/ सवारी | विशेष मनोरञ्जनात्मक गतिविधिहरूका लागि डिजाइन गरिएका सवारी। |
| G | Off road vehicle | उबड-खाबड भू-भागमा चल्न सक्ने, बलियो पांग्रा र सस्पेन्सन सहितको सवारी। |
| F | अग्निनियन्त्रक सवारी | आगो निभाउन र नियन्त्रण गर्न विशेष रूपले डिजाइन गरिएको सवारी। |

| | | |
|---|---|---|
| | Others (अन्य) बिशेष सवारी | |

विशेष प्रयोजनका आधारमा वर्गीकरण गरिएका माथि उल्लिखित सवारीहरू L, M, N वा O वर्गमा पर्ने सवारीहरू हुन सक्छन। जस्तै: प्रयोजनका आधारमा वर्गीकृत मोटर क्याराभान M1 मा पर्ने भएमा M1SA हुने गरी संकेत कायम हुनेछ।

**(ग) प्रयोजनका आधारमा सवारीको वर्गीकरण**

1. यात्रुवाहक सवारीः मानिसहरूको आवतजावत गर्ने उदेश्यले निर्मित सवारी साधन ।
2. मालवाहक सवारीः पशुपंक्षी तथा सामान ढुवानी गर्ने उदेश्यले निर्मित सवारी साधानहरू।

**(घ) स्तरको आधारमा सार्वजनिक बसको वर्गीकरण**

1. साधारण
2. डिलक्स तथा सुविधायुक्त सवारी
3. सुपर डिलक्स सवारी

**(ङ) सुविधाको स्तरको आधारमा ट्याक्सीको वर्गीकरण**

1. साधारण ट्याक्सी (Ordinary)
2. विशेष ट्याक्सी (Deluxe)
3. विशिष्ट ट्याक्सी (Luxury)

**(च) दर्ता तथा नम्बर प्लेटका आधारमा सवारीको वर्गीकरण**

1. साधारण सवारी नम्बर प्लेट
2. इम्बोस्ड सवारी नम्बर प्लेट

**(छ) सवारीमा प्रयोग हुने इन्धनका आधारमा**

1. आन्तरिक दहन इन्जिन सवारी (Internal Combustion Engine Vehicles)
   - पेट्रोल सवारी
   - डिजल सवारी
2. विद्युतीय सवारी (इलेक्ट्रिक भेहिकल्स - EVs)
   - ब्याट्री इलेक्ट्रिक सवारी (Battery Electric Vehicles- BEVs)
   - प्लग-इन हाइब्रिड इलेक्ट्रिक सवारी (Plug In Hybrid Electric Vehicles-PHEVs)
   - हाइब्रिड इलेक्ट्रिक सवारी (Hybrid Electric Vehicles-HEVs)

३. वैकल्पिक इन्धन सवारीहरू

- हाइड्रोजन फ्युल सेल सवारी (Hydrogen Fuel Cell Vehicles-HFCVs)

- संकुचित प्राकृतिक ग्यास सवारी (Compressed Natural Gas-CNG)
- लिक्विफाइड पेट्रोलियम ग्यास सवारी (Liquefied Natural Gas-LPG)
- एथानोल सवारीहरू (Ethanol)
- बायोडीजल सवारीहरू (Biodiesel)
- अन्य सवारी

खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमको वर्गीकरणको मापदण्डमा नपरेका अन्य कुनै सवारी उत्पादन, आयात र जडान (एसेम्बल) भएमा निर्माता कम्पनीको स्पेसिफिकेशन समेतका आधारमा विभागले त्यस्ता सवारीको वर्गीकरण मापदण्ड तोक्न सक्नेछ ।

## अनुसूची -२

(दफा ४ सँग सम्बन्धित)

**इम्बोस्ड सवारी नम्बर प्लेट**

खण्ड (क)

सार्वजनिक सवारी

पहेंलो प्लेटमा कालो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (ख)

पर्यटक सवारी

पहेंलो प्लेटमा कालो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (ग)

निजी सवारी

सेतो प्लेटमा कालो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (घ)

सरकारी सवारी

सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (ङ)

सङ्गठित संस्था वा संस्थानको सवारी

सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (च)

कुटनीतिक सवारी

सेतो प्लेटमा निलो अक्षर र अङ्कमा हुनु पर्नेछ ।

खण्ड (छ)

खण्ड (क), (ख), (ग), (घ), (ङ) र (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि नम्बर प्लेटमा प्रदेशको नाम लेख्दा नम्बर प्लेटको माथिल्लो भागको केन्द्रमा रहने गरी निलो रङ्गमा लेख्नु पर्नेछ।

*द्रष्टव्यः*

1. राष्ट्रपति चढ्ने सवारी साधनमा प्रयोग हुने प्लेटको बायाँपट्टि डिजाइन र रेखाचित्र (ड्रइङ्ग) बमोजिम गौरवमयी नेपाली झण्डा,झण्डामुनि माथिबाट हल्का निलो रङ्ग हुँदै तल गाढा निलो रङ्ग भएको ग्ग्रडिएन्ट इन्सक्रिप्सन सहितको एरियल बोल्ड फन्टमा अंग्रजी क्यापिटल अक्षरको एनइपी (NEP), एनइपी अक्षर मुनि लालीगुँरासको आकृति उल्लेखित क्रोमियम आधारित वर्गाकार होलोग्राम र होलोग्राममा सात (डिजिट) अङ्कको सिरियल नम्बर, प्लेटको दायाँपट्टि नेपाली झण्डा, सेक्युरिटि फिचर्स (श्याम्-श्वेत् अङ्ग्रेजी क्यापिटल अक्षरको एनपीएल (NPL), श्याम्-श्वेत् सानो आकारको निशाना छाप), प्लेटको पछाडि पट्टि उत्पादनकर्ताको नाम, उत्पादन मिति, समय, गुणस्तर एस्योरेन्स नम्बर आदिको डाटा इन्पुट सहितको प्रिन्टेड बारकोड एवं डिजाइन र रेखाचित्र (ड्रइङ्ग) संलग्न हुनु पर्नेछ ।

2. उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधी सभाका सभामुख तथा उपसभामुख,राष्ट्रियसभाका अध्यक्ष तथा उपाध्यक्ष र मन्त्रिपरिषद्का सदस्यहरू चढ्ने तथा प्रदेश प्रमुख, प्रदेश सरकारका मुख्यमन्त्री, प्रदेशसभाका सभामुख, उप-सभामुख, प्रदेश मन्त्रिपरिषद्का सदस्यहरुका सरकारी सवारी साधनको इम्बोस्ड नम्बर प्लेट सेतो प्लेटमा रातो रङ्गको हुनु पर्नेछ ।

   तर यस्ता सवारी साधनहरुलाई नेपाल सरकारले राजपत्रमा प्रकाशित गरी विशेष चिन्ह, संकेत वा रङ्ग प्रयोग गर्ने गरी निर्णय गर्न सक्नेछ ।

3. खण्ड (क) देखि खण्ड (ङ) सम्मका साधनहरूमा प्रयोग हुने इम्बोस्ड नम्बर प्लेटको बायाँपट्टि डिजाइन र रेखाचित्र (ड्रइङ्ग) बमोजिम गौरवमयी नेपाली झण्डा, झण्डामुनि माथिबाट हल्का निलो रङ्ग हुँदै तल गाढा निलो रङ्ग भएको ग्ग्राडिएन्ट इन्सक्रिप्सन सहितको एरियल बोल्ड फन्टमा अंग्रजी क्यापिटल अक्षरको एनइपी (NEP), एनइपी अक्षरमुनि लालिगुँरासको आकृति उल्लिखित क्रोमियम आधारित वर्गाकार होलोग्राम र होलोग्रामको बीचमा सात (डिजिट) अङ्कको सिरियल नम्बर, सेक्यूरिटि फिचर्स (श्याम्-श्वेत् अङ्ग्रेजी क्यापिटल अक्षरको एनपीएल (NPL), श्याम्-श्वेत् सानो आकारको निशाना छाप), प्लेटको पछाडि पट्टि उत्पादनकर्ताको नाम, उत्पादन मिति, समय, गुणस्तर एस्योरेन्स नम्बर आदिको डाटा इन्पुट सहितको प्रिन्टेड बारकोड एवं डिजाइन र रेखाचित्र (ड्रइङ्ग) संलग्न हुनु पर्नेछ ।

   तर सानो (दुई पाङ्ग्रे) सवारी साधनको अगाडिपट्टि प्रयोग हुने नम्बर प्लेटको भने दायाँपट्टी माथि कुनामा लेसर इन्ग्रेभ्ड सात (डिजिट) अङ्कको सिरियल नम्बर उल्लेख हुनु पर्नेछ ।

4. खण्ड (च) मा उल्लेखित कूटनीतिक सवारी साधनहरूमा प्रयोग हुने इम्बोस्ड नम्बर प्लेटमा हुनु पर्ने अक्षर, अङ्क, सेक्यूरिटि फिचर्स लगायतका अन्य विवरणहरू विभागले तोके बमोजिम हुनेछ ।

5. ठूलो सवारी, मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी, सानो (तीन पाङ्ग्रे) सवारी र साना (दुई पाङ्ग्रे) सवारी साधनको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटको साइज देहाय बमोजिम हुनेछः-

| सि.नं. | सवारीको वर्गीकरण | नम्बर प्लेटको साइज (अगाडि) | नम्बर प्लेटको साइज (पछाडि) |
|---|---|---|---|
| १. | ठूलो सवारी | ५२०x११० मिलीमिटर | ३४०x२०० मिलीमिटर |
| २. | मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी | ४३०x११० मिलीमिटर | २८०x१८० मिलीमिटर |
| ३. | सानो (तीन पाङ्ग्रे) सवारी | २४०x१३० मिलीमिटर | २४०x१३० मिलीमिटर |
| ४. | सानो (दुई पाङ्ग्रे) सवारी | ३००x८० मिलीमिटर | २४०x१३० मिलीमिटर |

6. ठूलो सवारी, मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी, सानो (तीन पाङ्ग्रे) सवारी र सानो (दुई पाङ्ग्रे) सवारी साधनको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटमा लेखिने प्रदेशको नामका अक्षर बाहेकका अन्य अक्षर र अङ्कको उचाइ, चौडाइ र तिनीहरू बीचको दूरी मिलीमिटर (मी.मी.) मा देहाय बमोजिम हुनेछ:-

| सि.नं. | सवारीको वर्गीकरण | अक्षरको उचाइ र चौडाइ (अगाडि) | अङ्कको उचाइ र चौडाइ (अगाडि) | अक्षरको उचाइ र चौडाइ (पछाडि) | अङ्कको उचाइ र चौडाइ (पछाडि) | अक्षर र अक्षर बीचको दूरी (अगाडि र पछाडि) | अङ्क र अङ्क बीचको दूरी (अगाडि र पछाडि) |
|---|---|---|---|---|---|---|---|
| १. | ठूलो सवारी | उचाइ ५५ र चौडाइ ३५ | उचाइ ५५ र चौडाइ ३२ | उचाइ ६५ र चौडाइ ४१.५ | उचाइ ६५ र चौडाइ ३९ | अगाडि ८ पछाडि ८.५ | अगाडि ८ पछाडि ८ |
| २. | मझौला तथा सानो (चार | उचाइ ५५ र चौडाइ | उचाइ ५५ र चौडाइ | उचाइ ५५ र चौडाइ | उचाइ ५५ र चौडाइ | अगाडि ८ पछाडि | अगाडि ८ पछाडि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पाङ्ग्रे) सवारी | ३५ | ३२ | ३५ | ३२ | ८ | ८ |
| ३. | सानो (तीन पाङ्ग्रे) सवारी | उचाइ ३४ र चौडाइ २२ | उचाइ ३४ र चौडाइ २० | उचाइ ३४ र चौडाइ २२ | उचाइ ३४ र चौडाइ २० | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |
| ४. | सानो (दुइ पाङ्ग्रे) सवारी | उचाइ ३४ र चौडाइ २२ | उचाइ ३४ र चौडाइ २० | उचाइ ३४ र चौडाइ २२ | उचाइ ३४ र चौडाइ २० | अगाडि ८ पछाडि ८ | अगाडि ८ पछाडि ८ |

7. ठूलो सवारी, मझौला तथा सानो (चार पाङ्ग्रे) सवारी र सानो (तीन पाङ्ग्रे) सवारी साधनको अगाडि र पछाडि प्रयोग गर्ने नम्बर प्लेटको चारैतिर १५ मिलीमिटर छाडेर अक्षर र अङ्क लेख्नु पर्नेछ ।

   तर सानो (दुइ पाङ्ग्रे) सवारी साधनको प्लेटमा १२ मिलीमिटर छाडेर अक्षर र अङ्क लेख्नु पर्नेछ।

8. बुदा नं. ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि नम्बर प्लेटमा प्रदेशको नाम लेख्दा माथिल्लो बाहिरी घेराबाट ९ मिलीमिटर छाडेर लेख्नु पर्नेछ।

9. इम्बोस्ड सवारी नम्बर प्लेटको धातु न्यूनतम ९९% आल्मुनियम सब्सट्रेट, प्लेटको कडापना एच ४१ वा एच ४२, प्लेटको मोटाइ ०.९८± ०.०३ मिलीमिटर, सो प्लेटमा रेट्रोरिफ्लेक्टिभ शिट ल्यामिनेट एवं इएन ४८५ र इएन ५७३-३ बमोजिमको तथा अन्तर्राष्ट्रिय मापदण्ड आइएओ ७५९१:१९८२ बमोजिमको हुनु पर्नेछ ।

10. बिहानीको सूर्यको किरण परेको लालिम सगरमाथाको तस्वीर उल्लेखित रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस (आरफआइडी) एन्टेना ८ देखि १० मीटरको दूरीबाटै रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस (आरफआइडी) रिडरले रिड गर्न सक्ने १०५ मिलीमिटर लम्बाइ, ७० मिलीमिटर चौडाइ र पोलिस्टर फिल्म कम्तीमा ५० माइक्रोनको ठूलो सवारी, मझौला तथा सानो (चार पाङ्ग्रे ) सवारी साधनहरूको हकमा भने रेडियो फ्रिक्वेन्सी आइडेन्टिफिकेशन डिभाइस (आरफआइडी) सिट टयाग पछाडि पट्टिको नम्बर प्लेटमा जडान गर्नु पर्नेछ ।

11. इम्बोस्ड भएको अक्षर र अङ्कमा हट स्टयाम्पिङ्ग, फ्वाइललाइ हट स्टयाम्पिङ्ग गर्दा ४५ डिग्रीको कोणमा ढल्कने गरी NEPAL DOTM शब्दावली एरियल बोल्ड फन्टमा उल्लेख हुनु पर्नेछ ।

12. स्टिल (क्लास ४.८) को गोलो टाउको भएको अन-हार्डेन्ड, मेसिन वन वे स्क्रु एउटा सवारी साधनका लागि आठ वटा हुनु पर्नेछ ।

13. इम्बोस्ड सवारी नम्बर प्लेटमा रहने अक्षर र अङ्क नेपाल सरकारले निर्णय गरे बमोजिम देवनागरी लिपि वा अङ्ग्रेजी लिपि वा दुवै लिपिको मिश्रितमा हुनु पर्नेछ ।

14. इम्बोस्ड सवारी नम्बर प्लेटमा प्रदेशको नामांकन नभएसम्म प्रदेशको नम्बर उल्लेख गर्नुपर्नेछ ।

तर प्रदेशको नामांकन पश्चात विभागले तोके बमोजिम प्रदेश नम्बरको सट्टा प्रदेशको नाम उल्लेख गर्नु पर्नेछ ।

**द्रष्टव्य :**

यस ऐन लागु हुनु अगाडी जडान गरिएका र सम्पूर्ण सबारीसाधनमा ईम्बोस्ड नम्बर जडान नगरिदा सम्म सधारण नम्बर प्लेट समेतले मान्यता पाउनेछ।

**<u>अनुसूची -३</u>**

(दफा २२ सँग सम्बन्धित)

**<u>बाटो (रुट)अनुमतिपत्रको ढाँचा</u>**

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था विभाग

.................. कार्यालय

<u>इजाजत दिने अधिकारीको</u>

नाम :

दर्जा :

दस्तखत :

मिति :

च्यासिस नम्बर :

इन्जिन नम्बर :

मोडल :

सवारी निर्माण गर्ने कम्पनी वा संस्थाको नाम र ठेगाना :

गाडी तयार गर्ने कारखानाको नाम, ठेगाना :

अनुमतिपत्र नं. :

सवारीको किसिम :

सवारी धनी वा व्यवस्थापकको नाम :

ठेगाना :

सवारी धनी वा व्यवस्थापकको दस्तखत :

सवारीको किसिम :

क्षमता सवारी नम्बर :

च्यासिस नम्बर :

<u>नामसारी</u>

२० । । को निवेदन र मिति २० । । को दर्ताको प्रमाणपत्रअनुसार श्री ....................को नामबाट...............बस्ने श्री .............को नाउँमा नामसारी गरिएको छ ।

अधिकारीको दस्तखतः

मिति :

<u>नामसारी</u>

२० । । को निवेदन र मिति २० । । को दर्ताको प्रमाणपत्रअनुसार श्री .....................को नामबाट................बस्ने श्री ..............को नाउँमा नामसारी गरिएको छ ।

अधिकारीको दस्तखतः

मिति :

नामसारी

२० । । को निवेदन र मिति २० । । को दर्ताको प्रमाणपत्रअनुसार श्री .....................को नामबाट................बस्ने श्री ..............को नाउँमा नामसारी गरिएको छ ।

अधिकारीको दस्तखतः

मिति :

| अनुमतिपत्र पाएको क्षेत्र (बाटो) | वहाल अवधि | अनुमतिपत्र दिने वा नवीकरण गर्ने अधिकारीको दस्तखत र मिति |
|---|---|---|
| | | |

नोट : सवारी संचालन सम्बन्धी कुनै सर्त भएमा सो सर्त उल्लेख गर्नुपर्नेछ ।

## अनुसूची–४

(दफा १५ सँग सम्बन्धित)

## लाइसेन्सको वर्गीकरण

| License Category | सवारीको प्रकार | सवारीको वर्ग | विवरण |
|---|---|---|---|
| A | दुई पाङ्ग्रे वा साइडकार भएको तीन पांग्रे सवारी | L1, L3 and L4 | धक्का दिने इन्जिन जडित साइडकार भएको वा नभएको कुनै पनि दुई पाङ्ग्रे सवारी |
| AM | दुई पाङ्ग्रे स्कुटर वा मोपेड | L1, L3 and L4 | धक्का दिने इन्जिन जडित साइडकार भएको वा नभएको गियर बिनाको दुई पाङ्ग्रे सवारी |
| A1 | दुई पाङ्ग्रे (हलुका) | L1, L3 and L4 | 125 $cm^3$ भन्दा कम क्षमता र 11 kW भन्दा कम पावर भएका दुई पांग्रे सवारी (लाइट मोटरसाइकलहरू) |
| A2 | दुई पाङ्ग्रे (ठूलो) | L1, L3 and L4 | साइडकार भएको या नभएको दुई पांग्रे सवारी जसको पावर ३५ kW भन्दा बढी नभएको (हेभी मोटरसाइकलहरू) |
| AV | अनुकुलित सवारी (दुई पांग्रे) | L1, L3 and L4 | अपाङ्गता भएका व्यक्तिहरूको विशेष आवश्यकता अनुसार सहज र सुरक्षित आवागमनका लागि विशेष रूपमा डिजाइन वा परिमार्जित गरिएका दुई पांग्रे निजी सवारी |
| AV1 | अनुकुलित सवारी (चार पांग्रे) | M1 | अपाङ्गता भएका व्यक्तिहरूको विशेष आवश्यकताअनुसार सहज र सुरक्षित आवागमनका लागि विशेष रूपमा डिजाइन वा परिमार्जित गरिएका चार पांग्रे निजी सवारी। |
| B | साना यात्रुवाहक र मालवाहक सवारी | M1, N1 | वर्ग A का बाहेकका मोटर सवारी, जसको अनुमति प्राप्त अधिकतम तौल ३,५०० किलोग्राम भन्दा बढी छैन र चालकको सिटको अतिरिक्त आठ सिट भन्दा बढी छैन; वा कोटी B का मोटर सवारी जसमा ट्रेलर जडित छ र जसको अनुमति प्राप्त अधिकतम तौल ७५० किलोग्राम भन्दा बढी छैन; वा कोटी B का मोटर सवारी जसमा ट्रेलर जडित छ र जसको अनुमति प्राप्त अधिकतम तौल ७५० किलोग्राम भन्दा बढी छ तर मोटर सवारीको खाली तौल भन्दा बढी छैन, जहाँ जडित सवारीहरूको संयुक्त अनुमति प्राप्त अधिकतम तौल ३,५०० किलोग्राम भन्दा बढी छैन। |
| B1 | मोटर ट्राइसाइकल र क्वाड्रीसाइकल | L2, L5, L6, L7 | अधिकतम डिजाइन गति ५० km/h भन्दा बढी भएको र थर्मिक इन्जिनको हकमा ५० cm3 भन्दा बढी विस्थापन आयतन भएको इन्जिन जडित वा इलेक्ट्रिकको हकमा |

| | | | |
|---|---|---|---|
| | | | मोटर शक्ति ०.५ किलोवाट भन्दा बढी भएको तीन पांग्रा सममित (symmetrical wheel arrangement) रूपमा जडान गरिएको सवारी ;<br>खाली सवारीको तौल (Empty Mass) ३५० केजीसम्म भएको (विद्युतीय सवारीको हकमा ब्याट्रीको तौल बाहेक), अधिकतम डिजाइन गति ४५ km/h सम्म भएको र सकारात्मक प्रज्वलन (Positive Ignition) इन्जिनको हकमा ५० cm3 सम्म विस्थापन आयतन भएको वा अन्य इन्जिनको हकमा Maximum Net Power Output ४ kW सम्म भएको वा विद्युतीय इन्जिनको हकमा Maximum Continuous Rated Power ४ kW सम्म भएको सवारी ;<br>L6 वर्गमा नपर्ने ४०० केजी (मालवाहकको हकमा ५५० केजी) सम्म खाली तौल भएको (विद्युतीय सवारीको हकमा ब्याट्रीको तौल बाहेक) र १५ kW सम्म Maximum Continuous Rated Power भएको इन्जिन जडित एवं विद्युतीय सवारी । |
| BE | साना यात्रुवाहक र मालवाहक सवारी (ठूलो ट्रेलर ) | M1, N1 | ट्रेलर जडित B वर्गका सवारी जसमा ट्रेलरको अधिकतम वजन ७५० के.जी. भन्दा बढी भएको र सवारीको खाली वजन भन्दा बढी भएको<br>वा<br>ट्रेलर जडित B वर्गका सवारी जसमा ट्रेलरको अधिकतम वजन ७५० के.जी. भन्दा बढी भएको र ट्रेलर तथा सवारीको संयुक्त अधिकतम वजन ३.५ टन भन्दा बढी भएको |
| C | मझौला तथा ठूला मालवाहक सवारी (हलुका ट्रेलर) | N2 | अधिकतम वजन ३.५ टन भन्दा बढी भएका वर्ग D बाहेकका सवारी<br>वा<br>ट्रेलर जडित सवारीको हकमा ट्रेलरको अधिकतम वजन 750 kg भन्दा बढी नभएका C वर्गका सवारी |
| C1 | मझौला मालवाहक सवारी (साना) | N2 | अधिकतम वजन ३.५ टन भन्दा बढी भएका तर ७.५ टन भन्दा बढी नभएका वर्ग D बाहेकका सवारी<br>वा<br>ट्रेलर जडित सवारीको हकमा ट्रेलरको अधिकतम वजन 750 kg भन्दा बढी नभएका C१ वर्गका सवारी |

| | | | |
|---|---|---|---|
| CE | मझौला तथा ठूला मालवाहक सवारी (ट्रेलर ठूलो) | N3 | ट्रेलरको अधिकतम वजन 750 kg भन्दा बढी भएका ट्रेलर जडित C वर्गका सवारी |
| C1E | मझौला मालवाहक सवारी (ठूलो) | N2 | ट्रेलर जडित C1 वर्गका सवारी जसमा ट्रेलरको अधिकतम वजन ७५० के.जी. भन्दा बढी भएको तर सवारीको खाली तौल भन्दा बढी नभएको र<br>सवारी र ट्रेलरको संयुक्त अधिकतम वजन १२ टन भन्दा बढी नभएको |
| D | मझौला तथा ठूला यात्रुवाहक सवारी (हलुका ट्रेलर) | M2, M3 | चालकको सिटको अतिरिक्त आठ सिट भन्दा बढी भएका यात्रुवाहक सवारी<br>वा<br>अधिकतम वजन ७५० के.जी. भन्दा बढी नभएको ट्रेलर जडित D वर्गका सवारी |
| DE | मझौला तथा ठूला यात्रुवाहक सवारी (ट्रेलर ठूलो) | M2, M3 | ट्रेलरको अधिकतम वजन 750 kg भन्दा बढी भएका ट्रेलर जडित D वर्गका सवारी |
| D1 | मझौला तथा ठूला यात्रुवाहक सवारी (९-१६ सिट सम्मको) | M2, M3 | चालकको सिटको अतिरिक्त ८ सिट भन्दा बढी भएका तर १६ सिट भन्दा बढी नभएका यात्रुवाहक सवारी<br>वा<br>ट्रेलर जडित सवारीको हकमा ट्रेलरको अधिकतम वजन 750 kg भन्दा बढी नभएका D१ वर्गका सवारी |
| D1E | | | ट्रेलर जडित D1 वर्गका यात्रु बोक्नलाई प्रयोग नहुने सवारी जसमा ट्रेलरको अधिकतम वजन ७५० के.जी. भन्दा बढी भएको तर सवारीको खाली तौल भन्दा बढी नभएको र<br>सवारी र ट्रेलरको संयुक्त अधिकतम वजन १२ टन भन्दा बढी नभएका सवारी |
| F | अग्निनियन्त्रक सवारी | | आगो निभाउन र नियन्त्रण गर्न विशेष रूपले डिजाइन गरिएको सवारीलाई जनाउँछ, जसमा पानीको ट्यांकी र शमन उपकरणहरू समावेश हुन्छ। |
| I1 | | | क्रेन |
| I2 | | | डोजर |
| I3 | | | रोड रोलर |
| I4 | | | लोडर |

| | | | |
|---|---|---|---|
| I5 | निर्माण उपयोगी हुने सवारी साधन | | एक्सकाभेटर |
| I6 | | | ब्याकहो लोडर |
| I7 | | | ग्रेडर |
| I8 | | | फोर्कलिफ्ट |
| I9 | | | अन्य |

नोट: ...

## अनुसूची-५

(दफा १५ सँग सम्बन्धित)

## सवारी चालक अनुमति पत्रको ढाँचा

### अगाडि

नेपाल सरकार
Government of Nepal
... ... .प्रदेश
..........Province

**सवारी चालक अनुमतिपत्र**
Driving Licence

D.L No.:-
Name:-
Address:
License Office:-
Date of Birth A.D... .. B.S... ..
Mother/Father/Husband:-
Citizenship No.:-
Passport No.:-
Contact No.:-
Date of Issue: - Expiry Date:-
Blood Group:-
Category:-
Licence Type: - General... or (Professional....)
Issued By: - Signature of Holder

Photograph

### पछाडि

### Category Details of Driving licence

| | | | | | |
|---|---|---|---|---|---|
| A | दुई पाङ्ग्रे हलुका वा साइडकार भएको तीन पांग्रे सवारी | C | मझौला तथा ठूला मालवाहक सवारी (हलुका ट्रेलर) | I1 | क्रेन |
| AM | दुई पाङ्ग्रे स्कुटर वा मोपेड | C1 | मझौला मालवाहक सवारी (साना) | I2 | डोजर |
| A1 | दुई पाङ्ग्रे (हलुका) | CE | मझौला तथा ठूला मालवाहक सवारी (ट्रेलर ठूलो) | I3 | रोड रोलर |
| A2 | दुई पाङ्ग्रे (ठूलो), दुई पांग्रे सबै | D | मझौला मालवाहक सवारी (ठूलो) | I4 | लोडर |
| AV | अनुकुलित सवारी (दुई पांग्रे) | DE | मझौला तथा ठूला यात्रुवाहक सवारी (हलुका ट्रेलर) | I5 | एक्सकाभेटर |

| | | | | | |
|---|---|---|---|---|---|
| AV1 | अनुकुलित सवारी (चार पांग्रे) | D1 | मझौला तथा ठूला यात्रुवाहक सवारी (ट्रेलर ठूलो) | I6 | ब्याकहो लोडर |
| B | साना यात्रुवाहक र मालवाहक सवारी | D1E | मझौला तथा ठूला यात्रुवाहक सवारी (९-१६ सिट सम्मको) | I7 | ग्रेडर |
| B1 | मोटर ट्राइसाइकल र क्वाड्रीसाइकल | F | अग्निनियन्त्रक सवारी | I8 | फोर्कलिफ्ट |
| BE | साना यात्रुवाहक र मालवाहक सवारी (ठूलो ट्रेलर) | | | I9 | अन्य ` |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

कारबाही Offience